# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# २०७७

इटहरी उपमहानगरपालिका
इटहरी, सुनसरी




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# महालेखापरीक्षकको कार्यालय

## Office of the Auditor General

प्रदेशिक लेखा... ...ानिर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पत्र संख्या: २०७६/७७

च.नं : ६१२

मिति: २०७७/३/३१

श्री नगरप्रमुखज्यू,
इटहरी उपमहानगरपालिका ,
नगर कार्यपालिकाको कार्यालय,
सुनसरी।

**विषय: लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम प्रयोजनको लागि अनुरोध छ ।

(विन्दु विष्ट )

नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीयतहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ।

स्थानीयतहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवाप्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीयतहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीयतहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रर्वद्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीयतहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन् । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गत विगतमा लेखापरीक्षणबाट औल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भव स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीयतहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीयतहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ अषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रदेशिक लेखा[illegible] निर्देशनालय
Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्या: २०७६/७७ मिति: २०७७।३।३१
च.नं. ६१२

श्री नगरप्रमूखज्यू,
इटहरी उपमहानगरपालिका,
सुनसरी ।

**विषय: लेखापरीक्षण प्रतिवेदन**

**कैफियत सहितको राय**

हामीले इटहरी उपमहानगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तिय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. इटहरी उपमहानगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्बजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तिय बिबरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रु ४ करोड ९३ लाख ३१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ५३ लाख २० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २ करोड ६२ लाख ६९ हजार नियमित गर्नुपर्ने रु. ८७ लाख ८५ हजार र पेश्की बाँकी रु ८९ लाख ५७ हजार रहेको छ ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।९।२७ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितका प्रमाण कागजात पेश हुन नआएकोले सोही बमोजिमको वेरुजु कायम भएको व्यहोराको अन्तीम प्रतिवेदन पाना एकचालिस (४१) यसैसाथ संलग्न छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यकारिणी, नगर प्रमूख र प्रमुख प्रशासकिय अधिकृत उपमहानगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

..................................
(विन्दु विष्ट)
नायव महालेखापरीक्षक

इटहरी उपमहानगरपालिका नगरकार्यपालिको कार्यालय, सुनसरी

लेखापरीक्षण प्रतिवेदन

आर्थिक वर्ष: २०७५।७६

**परिचय** : स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्नेगरी इटहरी उपमहानगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यस उपमहानगरपालिक अर्न्तगत २० वडा रहेको १०५ सभा सदस्य १३० वर्ग कि.मी. क्षेत्रफल, करिब १ लाख ४० हजार जनसंख्या रहेको र १ नं.प्रदेशमा अवस्थित छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७५।७६ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि. नं. | आय तर्फ | | सि.नं. | व्यय तर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | १५४८३६५४२.४८ | १ | **चालु** | ५२९८९३१७९.५२ |
| | क) गत वर्षको धरौटी ५५०५७१६०.९३ | ० | २ | **पुँजीगत** | ४३६९३५६९२.१९ |
| | ख) विभिन्न कोषहरु ३१९९१५१०।०८ | ० | ३ | **संघिय सरकारबाट प्राप्त** | ० |
| २ | **राजस्व (आन्तरिक आय)** | ० | | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३०५०००.०० |
| | क) आन्तरिक राजस्व | ४९१७२०४८३.१४ | | राष्ट्रिपति चुरे संरक्षण कार्यक्रम | १६६९७७५९.०० |
| ३ | **वित्तीय हस्तान्तरण** | ० | | स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम | १५९३१४७९.०० |
| | क)वित्तीय समानीकरण अनुदान | २८३१००००००.०० | | कृषि पूर्वाधार विकास तथा प्रवर्द्धन कार्यक्रम | १९१००५०.०० |
| | ख) सशर्त अनुदान(सामाजिक सुरक्षा र फिर्ता बाहेक) | ३४५९४२०००.०० | | प्रधानमन्त्रि रोजगार कार्यक्रम | ११३९१८१.०० |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | ० | ४ | **सामाजिक सुरक्षा** | १६६२८०३२०.०० |
| | सशर्त अनुदान | ५४९१३०००.०० | | | ० |
| | समानिकरण अनुदान | ६०३६०००.०० | ५ | **फिर्ता खर्चहरु** | ० |
| ५ | **संघिय सरकारबाट हस्तान्तरीत कार्यक्रम** | ० | | कोष तथा लेखा नियन्त्रक कार्यालय | ४००९२२९६.५० |
| | प्रदेश तथा स्थानीय तह क्षमता विकास कार्यक्रम | ३०५०००.०० | | प्रदेश को.ले.नि. का फिर्ता | १२२७२११२.०० |
| | राष्ट्रिपति चुरे संरक्षण कार्यक्रम | १६६९७७५९.०० | ६ | **धरौटी तथा कोष खर्च** | ३७९०९०८०.४२ |
| | स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम | १५९३१४७९.०० | ७ | **धरौटी तथा कोष तर्फ वाँकी** | ८९४५१७०६.१३ |
| | कृषि पूर्वाधार विकास तथा प्रवर्द्धन कार्यक्रम | १९१००५०.०० | ८ | **बैंक मौज्दात** | २३३५२३८२४.६८ |
| | प्रधानमन्त्रि रोजगार कार्यक्रम | ११३९१८१.०० | | | |
| ६ | **सामाजिक सुरक्षा** | १६९४९८०७०.०० | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | १३३२३८८१.५४ | | | |
| ८ | **यस वर्षको धरौटी** | २६९८८२३४.०० | | | |
| | **जम्मा** | १५८२३४१६८०.१६ | | **जम्मा** | १५८२३४१६८०.१६ |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| १. | **लेखा ढाँचाको प्रयोग नभएको**: नेपालको संविधानको धारा २४१ मा नेपालको सरकारी लेखाको लेखापरीक्षण महालेखा परीक्षकले गर्ने र यसरी लेखा परीक्षण गरिने लेखा संघिय कानुन बमोजिम महालेखापरीक्षकले तोकेको ढाँचामा राखिने व्यवस्था छ । त्यसैगरि आर्थिक कार्यविधि ऐन, २०५५ र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) मा समेत स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षक बाट स्वीकृत भएबमोजिमको ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सोहि अनुसार एकिकृत आर्थिक संकेत तथा वर्गिकरण २०७४ स्वीकृत भएका फारामहरु मिति २०७५।८।१० मा संघ तथा प्रदेश र स्थानीय तह गरि दुई समुहका फारामहरु आर्थिक वर्ष २०७५।०७६ देखि लागु गर्ने उद्देश्यले स्वीकृत भएको  छ । उपर्युक्त अनुसारको वित्तिय प्रतिवेदनमा प्राप्ती भुक्तानी हिसाव, सरकारी आम्दानी र खर्च कारोवारको वजेट तुलनात्मक प्रतिवेदनलाई पुष्टी गर्ने गरी विभिन्न लेखा टिप्पणीहरु जस्तै संचित कोषको अवस्था, आन्तरिक राजश्व, संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान, ऋण प्राप्ती तथा साँवा व्याज भुक्तानी भएमा, वितरण गर्न बाँकी राजश्वको विवरण, धरौटी तथा कोषहरु, संघीय सरकार प्रदेश सरकार वा आय व्यक्ति संस्थाका कार्यक्रम खर्च, सोझै भुक्तानी र वस्तुगत सहायता, संचित कोषबाट भएका खर्च भुक्तानी, आयोजना र कार्यमा खर्च (सशर्त अनुदान) भुक्तानी दिन बाँकीको विवरण, फिर्ता गर्न बाँकी अनुदान, फिर्ता लिन बाँकी अनुदान, पेश्की बाँकी वैंक तथा नगद बाँकी र अन्य सम्पतिहरु जस्ता लेखा टिप्पणीहरुको व्यवस्था गरेको छ । यो वर्ष यस उपमहमानगरपालिकाले उपर्युक्त ढाँचा अनुसारको वित्तीय प्रतिवेदन तयार गरेको छैन । स्वीकृत ढाँचामा लेखा राख्ने र प्रतिवेदन गर्ने व्यवस्था कार्यान्वयन हुनु पर्दछ । | |
| २. | **गत वर्षको जिम्मेवारी :** गत वर्ष आर्थिक वर्षको अन्तमा रु १०६४७१७८७९० वाँकी देखाएकोमा यस वर्ष रु १५४८३६५४२।४८ जिम्मेवारी सारेको पाइयो । वढी जिम्मेवारी सारेको रु ४८३६५०५४।५८ सम्वन्धमा स्पष्ट गरेको देखिएन । उक्त रकम संघीय ससर्त अनुदान तर्फको वाँकी रकम हुन सक्ने भएकोले स्पष्ट गर्नु पर्दछ । | |
| ३. | **खर्च विवरण :** नगरसभाले पारित गरेको २०७५।७६ को वार्षिक बजेट रु १५०८९०४०००।०० रहेकोमा चालु तर्फ रु ७८३५१७५००।०० र पूँजिगत तर्फ रु ७२०३८६५००।०० विनियोजन गरेको छ । आय व्यय विवरण अनुसार बजेटको तुलनामा चालु खर्च ५१.९३ प्रतिशत र पुँजिगत खर्च ४८.०७ प्रतिशत खर्च भएकोमा चालु बजेटको तुलनामा ८५.३६ प्रतिशत र पुँजिगत बजेटको तुलनामा ५५.९१ प्रतिशत खर्च भएको देखिन्छ । पुरक बजेट मार्फत २०७५ चैत्र ५ मा शुरु बजेटमा आम्दानी तर्फ १५ लाख घटी भई सोही बमोजिम पुँजिगत खर्च समेत घटाई बजेट कायम गरेको छ । चालु खर्चको तुलनामा पूजिगत खर्च न्यून हुँदा उपमहानगरपालिकाको प्रतिफल प्राप्तिमा कमि हुन सक्ने देखिन्छ । | |
| ४. | **वित्तिय व्यवस्था भुक्तानी :** यस उपमहानगरपालिकाले ५ वटा योजना सञ्चालनका लागि नगर विकास कोषबाट विभिन्न मितिमा रु. २९७०००००।०० ऋाण लिएको देखिन्छ । कार्यालयले प्राप्त गरेको सो रकम प्राप्तिको संझौता पत्र सहितको व्यवस्थित अभिलेख राखेको छैन । यस वर्ष चालु शिर्षकबाट नगर विकास कोषको पत्रको आधारमा पहिलो किस्ता सावाँ व्याज समेत रु ३४४६७५७६४ र दोश्रो किस्तामा व्याज रु १४२१६०१।४४ र साँवा रु ३८०४६६६।७८ भुक्तानी गर्नुपर्नेमा रु १६५८५६०।०० मात्र भुक्तानी गरेको छ । कार्यालयले लिएको ऋणको व्यवस्थित अभिलेख राख्ने सोको संझौतानुसारको समयमा साँवा व्याज तिर्ने र वित्तिय व्यवस्था अन्तरगतको शिर्षकमा अभिलेखांकन गर्नुपर्नेमा चालु तर्फबाट आंशिक साँवा व्याज तिरेको देखिन्छ । ऋण रकम समयमा भुक्तानी गरी थप दायित्व सिर्जना हुन नदिने तर्फ कार्यालयले ध्यान दिएको देखिएन । ऋणको सम्वन्धमा अभिलेख राख्ने र समयमानै भुक्तानी गरी सम्वन्धित खर्च शिर्षकमा अभिलेख राख्नु पर्दछ । | |
| ५. | **रकमान्तर :** आर्थिक कार्यविधि नियमाली, २०६४ को नियम ४०(३) मा अनुदान, भैपरी आउने विविध खर्च फर्निचर, सवारी साधन र मेसिन औजार लगायतका शिर्षकमा रकमान्तर गर्न नमिल्ने व्यवस्था छ । आर्थिक कार्यविधि नियमावली, २०६४ विपरित यस कार्यालयले २०७६।३।३ मा निम्नानुसारको खर्च शीर्षकमा रकमान्तर गरी खर्च गरेको छ । | |

| सि.न | खर्च शीर्षक | विनियोजित रकम | रकमान्तरबाट थप/घट | कुल रकम |
|---|---|---|---|---|
| १. | तलब | ७४५०००००.०० | -२६३४०००.०० | ७१३३४०००.०० |
| २. | कर्मचारी वैठक भत्ता | १५०००००.०० | ३७५०००.०० | १८७५०००.०० |
| ३. | इन्धन कार्यालय प्रयोजन | २१३६०००.०० | ५३४०००.०० | २६७००००.०० |
| ४. | सवारी साधन मर्मत खर्च | २००००००.०० | ५०००००.०० | २५०००००.०० |
| ५. | विविध कार्यक्रम खर्च | १५०००००.०० | ३७५०००.०० | १८७५०००.०० |
| ६. | भ्रमण खर्च | २१०००००.०० | ४०००००.०० | २५०००००.०० |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|

| | | | |
|---|---|---|---|
| ७. | विविध | १८०००००.०० | ४५००००.०० | २२५००००.०० |
| ८. | भैपरी आउने पूँजिगत | ९१७८८०००.०० | ४२०००००.०० | ९५९८८०००.०० |
| ९. | निर्मित भवन संरचनात्मक सुधार | २२८५००००.०० | -२२००००० | २०६५००००.०० |
| १०. | सवारी साधन | २००००००००.०० | -२०००००० | १८०००००००.०० |
| ११. | मेशिनरी औजार | ११५००००००.०० | -१०००००० | १०५०००००.०० |
| १२. | भवन ( उ.वा.संघ इटहरीलाई सहयोग गर्न) | ३१६००००० | १५००००० | ३३१००००० |
| १३. | कार्यक्रम खर्च कर सुधार | ८४८६३०००.०० | १५०००००.०० | ८६३६३०००.०० |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| ६. | **विद्युतीय लेखा :** अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्वन्धी पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वूंदा नं.५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यो वर्ष नगरपालिकाले SUTRA प्रयोगमा ल्याएको भएको भएतापनि यस सम्वन्धमा देखिएका थप व्यहोराहरु निम्नानुसार रहेका छन्: | |
| ६.१. | यस प्रणाली मार्फत चालु र पुँजिगत खर्चको हिसाब तयार गरेको भएतापनी धरौटी, मर्मत सम्भार कोष, शिक्षा समिति कोष र यस वर्ष कारोवार नभएका अन्य कोषहरुको हिसाब यस प्रणालीमा आवद्ध गरेको छैन । कार्यालयले एकै प्रणाली मार्फत आर्थिक कारोवार गर्नुपर्नेमा राजश्व र धरौटीको लागि अन्य प्रणाली प्रयोग गरेको छ । कार्यालयले सम्पुर्ण कारोवार एकै प्रणाली मार्फत गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ६.२. | उक्त सफ्टवेयरको प्रतिवेदनमा श्रोतगत निकासा खर्चको विवरण अनुसार निम्न शिर्षकमा निकासा वेगर खर्च गरेको देखाएको छ । यस सम्वन्धमा स्पष्ट गर्नुपर्ने देखिन्छ । | |

| सि.न | विवरण | निकासा | खर्च |
|---|---|---|---|
| १. | नेपाल सरकार समपुरक अनुदान | - | ४१२७०६२१.०० |
| २. | नेपाल सरकार अन्य अनुदान | - | ७२३८९९७.०० |
| ३. | प्रदेश नं. १ सरकार समानिकरण अनुदान | - | ५००००००.०० |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| ६.३. | उक्त सफ्टवेयरको प्रतिवेदनमा श्रोतगत निकासा खर्चको विवरण अनुसार ट्रान्सफर गरेको रकम र निकासा रकम भिडान भएको देखिएन । प्रणालीमा रहेको त्रुटी वा लेखांकनमा त्रुटी हो सो सम्वन्धमा एकिन गरी सुधार हुनु पर्दछ । | |
| ७. | **फ्रिज बाँकी रकम :** आर्थिक कार्याविधि नियमावली, २०६४ को नियम ३३ (क) मा महालेखा नियन्त्रक कार्यालयले फ्रिज नहुने भनी तोकेको उपशिर्षहरुको हकमा वाहेक अन्य उपशीर्षकको सालतमाम हुनभन्दा कम्तिमा सात दिन अगाडी नै सबन्धित कार्यालयले भुक्तानी दिनुपर्ने रकमहरु भुक्तानी दिई आर्थिक कारोवार बन्द गर्नुपर्ने र यसरी आर्थिक कारोवार वन्द गरेपछि निकासा तथा खर्चको लेखा अद्यावधिक गरी बाँकी रहेको रकम सम्बन्धित कार्यालयले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । संघीय सरकार निकासा भएको सर्शत अनुदान रु. २४००००।०० यस उपमहानगरपालिकाको संचितकोष खातामा रहेको छ । उक्त रकम हालसम्म पनि फिर्ता नभएकोले वेरुजु खातामा दाखिला गर्नु पर्ने देखिएको रु | २४००००.०० |
| | **आम्दानी तर्फ :** | |
| ८. | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६५ मा गाउँपालिका वा नगरपालिकामा राजस्व सम्वन्धी परामर्शको समिति रहने र सो समितिले राजस्वका दर र क्षेत्रलगायतका आधारमा आन्तरिक आयको विश्लेषण र अनुमान गर्ने व्यवस्था छ । राजश्व परामर्श समिति तथा वार्षिक बजेटमा रु ३२६६०००००।०० राजश्व प्राप्तिको अनुमान गरेकोमा रु १८१७३४५९४।१७ अर्थात अनुमानको ५५.६४ प्रतिशत मात्र आम्दानी रहेको आन्तरिक तर्फको आर्थिक विवरणले दर्शाउछ । उक्त समितिले राजस्व अनुमानमा २१ शिर्षकबाट १६०३४६३०००।०० प्राप्त हुने उल्लेख गरेकोमा विभिन्न २६ शिर्षकबाट रु १२७७९७६७८४।७८ आम्दानी भएको देखिन्छ । विभिन्न ७ शिर्षकमा रु २१८१४२०००।०० आयको अनुमान गरेकोमा आम्दानी नभएको तथा अनुमान नभएका विभिन्न १२ शिर्षकमा रु ९८२३५७७४।०० आम्दानी भएको देखिन्छ । साथै निम्नानुसारका शिर्षकहरुमा अद्यावधीक वढी र अति न्यून आम्दानी भएको छ । राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्ने, राजस्वका दर र क्षेत्र लगायतका आधारमा आन्तरिक आयको विश्लेषण गर्ने र अनुमान गर्नेकार्य यथार्थमा आधारित हुनु पर्दछ । | |

| सि.न | राजस्व शिर्षक | अनुमान | यथार्थ आय | कैफियत |
|---|---|---|---|---|
| १. | भूमिकर मालपोत | ११००००००.०० | १८५३१३५५१.९८ | १६.८४ गुणा वढी |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| | २ घर वहाल कर \| १००००००००.०० \| १३२५१२१९.४४ \| १.३ गुणा घटी | |
| ८.१. | मुल सञ्चित कोषको गो.भौ.न १८४ मिति २०७६।३।३१ बाट एकिकृत सम्पत्ती कर शिर्षकमा वढी आम्दानी जनाएको भनि रु १६११६५१५।०५ घटाएको लेखा राखेको पाइयो । वढी आम्दानी जनाएको देखिने विवरण र प्रमाण पेश हुन नआएकोले आम्दानी घटाउने गरी गरेको लेखांकन एकिन गर्न नसकिएको रु | १६११६५१५.०५ |
| ८.२. | यस कार्यालयले वुढी खोलाबाट गिटि वालुबाको लागि जय श्री पाथिभरा ट्रेड एण्ड सप्लायर्ससंग ८०२८८.८० घनमिटर उत्खनन् गर्ने इजाजत सहित रु १५५५५५५५।००(भ्याट वाहेक) मा संभौता गरेको छ । निजले उत्खनन् गर्ने परिमाणको नियन्त्रणको कुनै सूचक र नियन्त्रण संयन्त्र बनाएको देखिदैन । परिमाण तोकि संभौता गरेको भएतापनि उत्खनन् परिमाण अभिलेख राख्ने संयन्त्र तयार नभएकोले के कति मात्रामा सो खोलाबाट गिटि वालुवा उत्खनन् भयो सो एकिन हुन सकेन । यस तर्फ सुधार हुनु पर्दछ । | |
| ८.३. | यस कार्यालयले राजश्वको लगत राखेको छैन । यस वर्ष कुल १२३२६० करदाताबाट सम्पत्ति कर, व्यवसाय सम्वन्धी कर वहाल कर लगायतको राजश्व शिर्षकमा रु. १७३३७१९५६।०८ प्राप्त गरेको छ । राजश्व दाताहरुको विवरण तयार नगरेकोले कार्यालयमा प्राप्त हुनुपर्ने सम्पूर्ण राजश्व प्राप्त भयो भएन एकिन गर्न सकिएन । कर दाताको विवरण तयार गरी लगत कसि सोको प्राप्ति तर्फ ध्यान दिनु पर्दछ । | |
| ८.४. | आइतवारे वुधवारे हाट रु ४०८११८१।०० मा एन.एन. सप्लायर्स संग मिति २०७५।५।२० मा संभौता भएको छ । संभौतानुसार यस वर्ष भुक्तान गर्नुपर्ने रकम नबुभाएकोले कार्यपालिकाको २०७६।१।२३ को निर्णयबाट ठेक्का संभौता रद्ध भएकोमा सो अवधिको ठेक्का राजश्व रु १४६६६४८।८९ असुल हुन वाँकि देखिन्छ । वाँकी रकम यथाशिघ्र असुल गर्नुपर्ने रु | १४६६६४८.८९ |
| ८.५. | यस वर्ष कार्यालय परिसर र वडा नम्बर ५ मा रहेको पोखरीको माछा विक्रिको लागि ठेक्का आव्हान गरेकोमा वोलपत्र पेश नभएकोले ठेक्का प्रदान हुन सकेको छैन । कार्यालय परिसरको माछा पोखरीको कुनै आम्दानी नदेखाएको भएतापनि वडा नम्बर ५ को माछापोखरी रुविया खातुन मार्फत माछा विक्रि गरेको भनि निजले बुभाएको राजश्व रु ८८३००।०० लाई नै आम्दानी देखाएको छ । माछा पोखरीको नियमानुसार ठेक्का लगाई आय प्राप्ती तर्फ ध्यान दिनु पर्दछ । | |
| ८.६. | **प्रदेश संचित कोष दाखिला :** प्रदेश नं.१ प्रदेश कर तथा गैरकर राजस्व सम्बन्धी ऐन,२०७५ दफा ७(८) र सोही ऐनको दफा ९ को उपदफा ६ ले विज्ञापन कर र ढुङ्गा,गिटी,बालुवा ,चुनढुङ्गा,माटो र दहतर वहतर संकलनबाट उठेको शुल्क मध्येबाट साठी प्रतिशतले हुने रकम स्थानीय तहले स्थानीय संचित कोषमा राखी चालिस प्रतिशत हुने रकम मासिक रुपमा प्रदेश संचित कोषमा जम्मा गर्नुपर्नेछ भन्ने व्यवस्था छ । यस उपमहानगरपालिकाले विज्ञापन वापत रु ३६५६०००। ढुङ्गा,गिटी,बालुवा ठेक्का वापत रु १५५५५५५५ गरी जम्मा रु १९२११५५५। को ४० प्रतिशत रु ७६८४६२२ प्रदेश संचित कोषमा पठाउनुपर्ने रु ४००००००। पठाएकोले घटी पढाएको रु | ३६८४६२२.०० |
| ९. | **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार पुँजिगत खर्च विवरण निम्नानुसार रहेको छ । | |

| खर्च शिर्षक | कुल खर्च (रु हजारमा) | चौमासिक खर्च(रु हजारमा) | | | असार(रु हजारमा) |
|---|---|---|---|---|---|
| | | प्रथम | दोश्रो | तेश्रो | |
| नगर तर्फ | ३९०५६२ | ४७५८३ | ७२७०५ | २७०२७४ | १०२०३६ |
| संघीय सरकार | ३७३३ | ० | ० | ३७३३ | ३७३३ |
| प्रदेश सरकार | ४२६४१ | ० | ० | ४२६४१ | ३३८३१ |
| जम्मा | ४३६९३६ | ४७५८३ | ७२७०५ | ३१६६४८ | १३९६०० |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| १०. | संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त पुँजिगत रकम तेश्रो चौमासिकमा मात्र खर्च भएको देखिन्छ । साथै कुल पुँजिगत खर्च ४३ करोड ६९ लाख ३६ हजार मध्ये प्रथम चौमासिकमा ११ प्रतिशत, दोश्रो चौमासिकमा १६.६ प्रतिशत र तेश्रो चौमासिकमा ७२.४ प्रतिशत र असार महिनामा मात्र ३१.९४ प्रतिशत खर्च भएको देखिएको छ । संघीय सरकारबाट प्राप्त सवै पुँजिगत रकम असार महिनामा मात्र खर्च गरेकोले फ्रिज हुन नदिने उद्देश्यले मात्र खर्च भएको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा अधिक मात्रामा कार्य सञ्चालन गर्दा प्राबिधिक कर्मचारीको अभाबमा सुपरीबेक्षणमा चाप पर्ने तथा मौसमको प्रतिकुलताको कारण गुणस्तर कायम गर्न समेत असर पर्ने भएकोले स्वीकृत कार्यक्रम र चौमासिक लक्ष्य अनुसार सन्चालन गरि खर्च गर्ने व्यबस्था अबलम्बन गर्नुपर्दछ । | |
| ११. | **ठेक्का व्यवस्थापन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) अनुसार लागत अनुमान तयार | |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| | गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम चौमासिक भित्र गर्नुपर्ने व्यवस्था छ । कार्यालयको यो वर्ष वोलपत्र को माध्यमबाट खरिद गरेको सम्पुर्ण वोलपत्रहरुको विवरण पेश गरेको छैन पेश भएका ३३ वटा वोलपत्र आव्हान गरेकोमा तेश्रो चौमासिकमामात्र ठेक्का सम्झौता गरेको छ । नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधी भित्र ठेक्का वन्दोवस्त नगरी अन्तिम चौमासिकमा ठेक्का सम्झौता गरेको छ । स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य प्रथम चौमासिकमा गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन । यसरी खरिद नियमावलीले तोकेको चौमासीकमा ठेक्का व्यवस्था नगर्दा कामको अनुगमन र सुपरीवेक्षणमा कमी आइ गुणस्तरीय कार्य नहुने अवस्था सिर्जना हुने हुँदा ठेक्का व्यवस्थापनलाई प्रभावकारी वनाउन नियमको पालना गर्नुपर्ने देखिन्छ । ठेक्का विवरणहरु लेखापरीक्षणको क्रममा पेश नभएकोले थप विष्लेशण गर्न सकिएन । | |
| १२. | **जिन्सी व्यवस्थापन :** आर्थिक कायविधि नियमावली, २०६४ को नियम ४६(२) मा उपनियम १ वमोजिम जिम्मामा रहेका सरकारी सम्पत्तिको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो सम्पत्ति जिम्मा लिने कर्मचारी र सम्बन्धित कार्यालय प्रमुखको हुने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् । | |
| १२.१. | **जिन्सीको व्यक्तिगत अभिलेख खाता :** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका,२०७५ को दफा १८ अनुसार सवारी साधन, मेशिनरी उपकरण, फर्निचर लगायत कार्यालयले उपलब्ध गराएको खर्च भएर नजाने जिन्सी सामाग्रीहरु प्रचलित जिन्सी खातामा अभिलेख राख्नुका साथै प्रत्येक निजामति कर्मचारी, पदाधिकारी र पदाधिकारीका निजी सचिवालयमा कार्यरत कर्मचारीहरुको व्यक्तिगत रुपमा अलग अलग खाता/पानामा समेत विवरण टिपोट गरी निकायका प्रमुखबाट प्रमाणित गराएर अनुसूची १ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्ने व्यवस्था छ । यस उपमहानगरपालिकाको जिन्सी खाताको अभिलेख परिक्षण गर्दा अनुसूची १ अनुसारको अभिलेख तयार पारी कार्यालय प्रमुखबाट प्रमाणित गराई राखेको पाइएन । निर्देशिका बमोजिमको अभिलेख तयार नभएकोले कार्यालयको खर्च भएर नजाने जिन्सी सामानको प्रयोग र अवस्था एकिन हुन सकेन । तोकिए वमोजिमको अभिलेख तयार गरी जिन्सी सामानको सदुपयोग गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ । | |
| १२.२. | **जिन्सी निरिक्षण :** आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० मा नियम ४६, ४७ र ४८ बमोजिम लगत खडा गरी राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन् कार्यालय प्रमुखले एक वर्षमा कम्तीमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारी वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लेखी वा लिई राख्ने व्यवस्था गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले विगत वर्ष देखिको जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी लिएको देखिएन । जिन्सी निरिक्षण प्रतिवेदन तयार गरी जिन्सीको अद्यावधिक विवरण तयार गरि गर्नुपर्दछ | |
| १२.३. | **खर्च भएर जाने जिन्सी सामान :** कार्यालयले जिन्सी सामानको व्यवस्थित अभिलेखका लागि भनि संग्रीला सफ्टवयर मार्फत जिन्सीको अभिलेख राख्ने गरेको छ । कम्प्यूटर प्रणाली मार्फत जिन्सी दाखिला भई जिन्सी किताब तयार हुने भनि जिन्सी खाता तयार गरेको छैन । जिन्सी लेखांकन प्रणाली सिंगल डेक्सटप बेस भएकोले कार्यालयमा प्राप्त भएका सम्पुर्ण जिन्सी सामानहरु दाखिला भए नभएको, भौचर साथ पेश भएका दाखिला फारमहरु प्रणाली मार्फत तयार भए नभएको एकिन गर्न सकिएन । लेखापरीक्षणको क्रममा कार्यालयले खरिद गरेको जिन्सी सामानको दाखिला र खर्चको विवरण माग गरेकोमा जिन्सी सामानहरुको विवरण पेश नभएको प्राप्त आम्दानीहरुको खर्च गर्दा स्वीकृत माग फारमको आधार गर्ने भनेकोमा सो समेत पेश भएन । कार्यालयले चालु तर्फ मसलन्द तथा कार्यालय सामाग्री रु ८०२७१६७०० र अन्य विभिन्न शिर्षकबाट खरिद भएका सामान तथा कार्यक्रम सञ्चालन गर्दा प्राप्त भएका सामानहरु जिन्सी दाखिला गरेको मौखिक जानकारी गराएको छ ।तर खर्च भएर जाने जिन्सी सामानको कुनै किसिमका विवरणहरु पेश नभएकोले कार्यालयले खरिद गरेको सामानको सदुपयोगको एकिन गर्न सकिएन । | |
| १२.४. | **पुराना सवारी साधन र उपकरण :** उपमहानगरपालिका परिसरको पूर्व तर्फ पोखरीको किनारामा जिर्ण अवस्थामा रहेका ट्रक, ट्याक्टर रोलर लगायतका सवारी अव्यवस्थित ढंगले राखेकोले परिसरको स्थान अनावश्यक रुपमा ओगटीएकोले स्थान उपयोगमा आउन नसक्नुको साथै सोभनीय समेत देखिएन । ति जिर्ण सामान लिलाम गरी जिन्सी व्यवस्थापनमा उपमहानगरपालिकाको ध्यान जानु पर्ने देखिन्छ । | |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| |     | |
| १३. | कार्यालय तथा वडा कार्यालयका लागि जिन्सी सामान खरिद गरेको भनि वडा सचिव तथा विभिन्न कर्मचारीहरुलाई निम्नानुसारको भुक्तानी गर्दा जिन्सी सामान खरिद आदेश, दाखिला फारम, माग फारम वेगरै भुक्तानी गरेको छ । कार्यालयमा प्राप्त हुने सामानहरु ७ दिन भित्र जिन्सी दाखिला गरी जिन्सीको व्यवस्थित अभिलेख राख्नु पर्नेमा सो गरेको नपाइएको रु | ७६५२१४.०० |

| सि.न | भौ.न र मिति | सामानको विवरण | रकम |
|---|---|---|---|
| १. | १६३/०७५/६/१२ | मसलन्द सामान | ९८९०.०० |
| २. | ४०७/०७५/७/१९ | छपाई सम्वन्धी सामान | ८७५५२.०० |
| ३. | १४२२/०७६/१/१६ | टेलिभिजन | ९९४४०.०० |
| ४. | १७८९/०७६/३/१ | कार्यालय सामान | ५८४००.०० |
| ५. | १८४३/०७६/३/५ | कार्यालय सामान | ५८१२०.०० |
| ६. | २०३२/०७६/३/१९ | कार्यालय सामान | १५६११२.०० |
| ७. | २०३३/०७६/३/१९ | पुस्तक | ७५००.०० |
| ८. | २१५९/०७६/३/२६ | डिजिटल डिस्पेल सहति अन्य सामान | २३००००.०० |
| ९. | २१८७/०७६/३/२७ | कार्यालय सामान | ५८२००.०० |
| | | **जम्मा** | **७६५२१४.००** |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| १४. | **सेवा प्रवाह** : यस उपमहानगरपालिकाले नगरवासिका लागि विभिन्न प्रकारका सेवाहरु प्रवाह गर्दै आएको छ । कार्यालयबाट प्राप्त विवरण अनुसार यस बर्ष नागरिकता सिफारिस, नाता प्रमाणित, घरबाटो सिफारिस, जन्म मृत्यु दर्ता लगायत अन्य विभिन्न सेवा प्रवाह गरिरहेको छ । कार्यालयले नागरिकता सिफारिश, घरबाटो सिफारिस, नाता प्रमाणित, जम्मा मृत्यू दर्ता बसाई सराई जस्ता सेवा प्रवाहको विवरण तयार गरेको छैन । यस वर्ष घर नक्सा पासको १४८५ निवेदन प्राप्त भएकोमा १२८४ अस्थायी अनुमति प्रदान र अनुमति प्रदान मध्ये ३४३ वटा कार्यसम्पन्न प्रमाण पत्र प्रदान गरेको छ । सेवा प्रवाह सम्वन्धी थप व्यहोरा निम्नानुसार रहेको छ । सेवा प्रवाहलाई समयानुकुल प्रभावकारी गराउदै लानु पर्दछ । | |

| **सेवा प्रवाहको विवरण** | **सिफारिस संख्या** |
|---|---|
| अपांग परिचय पत्र वितरण | १०८ |
| जेष्ठ नागरिक परिचय पत्र वितरण | ८०८ |
| संस्था दर्ता सिफारिश | ३२ |
| संस्था नविकरण सिफारिश | १२७ |
| संघ, प्रदेश मन्त्रालय र विकास कार्यालयहरुमा दिएको साधारण सिफारिश | ७६ |

१५. **वित्तीय जवाफदेहिता एवम उत्तरदायित्व र कानूनको पालना :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । उक्त बिषयमा उपमहानगरपालिकाले नियन्त्रण एवं सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्नपर्ने देखिन्छ । यस वर्ष वित्तीय जवाफदेहिता तथा उत्तरदायित्व र कानुनको पालनाको स्थिती मूल्याङ्कन गर्दा निम्नानुसार रहेको पाइयो :

- नगरका प्रत्येक तहको कार्य विवरण बनाई लागु नगरेको,
- राजश्वको लगत तयार नगरेको, वडामा उठ्ने राजश्वको लक्ष्य निर्धारण नगरेको,
- प्रतिस्पर्धात्मक खरिद अवलम्वन नगरेको, वितरणमूखी कार्यक्रमलाई वढवा दिएको,
- पूँजिगत खर्चमा प्राथमिकता नअपनाएको, स-साना योजनालाई प्राथमिकतामा राखेको,
- कोषहरुको कार्यविधि कानून नबनाएको,

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| | • धरौटीको आयूगत वर्गीकरण नगरेको,<br>• कर तथा शुल्क निर्धारणको ठोस आधार निर्माण नगरेको, राजश्व प्राप्तीको दायरालाई प्राथमिकीकरण नगरेको,<br>• संस्थागत क्षमता विकासमा न्यून प्रगति गरेको,<br>• प्रथम चौमासिकमा ठेक्का व्यवस्थापन नगरी दोश्रो र तेश्रो चौमासिकमा ठेक्का व्यवस्थापन गरेको,<br>• ठेक्का अवधिमा कार्य सम्पन्न नगरी म्याद थप गरेको, चालु प्रकृतिका खर्चलाई पूँजिगत खर्चमा विनियोजन गरेको,<br>• उपभोक्ताको खरिद सामान परिमाण र नापी तथा उपयोग नभिडेको,<br>• क्षेत्रगत योजनाको वर्गीकरण नगरेको,<br>• कार्यनीतिगत व्यवस्थामा अपेक्षित प्रगति लिन नसकेको,<br>• तलवी प्रतिवेदन पारीतमा पूर्णता कायम नगरेको, प्राप्ती तथा भूक्तानीको खर्च सार्वजनिकीकरण नगरेको,<br>• विद्यार्थी तथा शिक्षक अनूपात नभिडेको मर्जरको कार्यक्रम अगाडि नवढाएको,<br>• अवकास कोष सम्वन्धी कानूनी व्यवस्था पालना नगरेको,<br>• आन्तरिक नियन्त्रण प्रणालीको निर्देशिका वनाई कार्यान्वयनमा नल्याएको,<br>• एकीकृत सम्पत्ति विवरण र जिन्सीको एकत्रित लगत र निरीक्षण नगरेको,<br>• लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको , परियोजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण भएको छैन,<br>• निर्धारित समयमा निर्माण सम्पन्न भएको छैन, अनुगमन प्रतिवेदन कार्यान्वयन गरेको छैन,<br>• योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण भएको छैन,<br>नियमको अनुसरण गरी कार्य नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्दछ । | |
| १६. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट तोकिए बमोजिमको कार्यविधि पूरा गरी काम गराउन वा सेवा लिन सकिने व्यवस्था छ । इटहरी उपमहानगरपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापनका लागि उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ स्वीकृत गरी लागु गरेको छ । उपमहानगरपालिकाले पेश गरेको योजना अभिलेख किताब अनुसार ६६२ योजनाको रु ४७४७२०६२०।५० लागत अनुमान तयार गरी कार्यालयले ३८२१३११९८।७० व्यहोर्ने गरी संञ्चालन गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् : | |
| १६.१. | उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ४ मा उपभोक्ता समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्ने, आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजनास्थलमा नै सात देखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्ने, नगर स्तरीय आयोजना सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा कार्यपालिकाले तोकेको कार्यपालिकाका सदस्य वा कार्यालयको प्रतिनिधि तथा वडा स्तरीय आयोजना सञ्चालनका लागि उपभोक्ता समिति गठन गर्दा वडा अध्यक्ष वा वडा सदस्य वा कार्यालयले तोकेको कार्यालयको कर्मचारीको रोहवरमा गर्नुपर्ने , उपभोक्ता समिति गठनको लागि बोलाइएको भेलामा योजनाको संक्षिप्त विवरण र समितिको संरचना सहितको जानकारी कार्यालयको प्रतिनिधिले गराउनु पर्ने व्यवस्था छ । कार्यालयमा रहेको उपभोक्ता समितिहरुको गठन देखि काम सम्पन्न सम्मका कागजातरहेको उपभोक्ता समितिसंग सम्बन्धित फाइल परिक्षण गर्दा यस कार्यालय अन्तरगतका योजनाहरु सञ्चालनको लागि उपभोक्ता समिति गठन गर्नका लागि सार्वजनिक रुपमा जानकारी गराएको, कार्यपालिकाले तथा वडा कार्यालयले प्रतिनिधि तोकेको , तोकिएका प्रतिनिधिहरुले भेलालाई योजनाको जानकारी गराउने गरेको पाइएन । तोकिएको कार्यविधि पुरागरी उपभोक्ता समिति गठन गर्ने तथा योजना सञ्चालन गर्ने गर्नुपर्दछ । | |
| १६.२. | उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ७ (३) मा आयोजनाको | |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| | कार्य प्रकृति हेरी कार्यालयले लागत सहभागिताको ढाँचा र अनुपात तोक्नु पर्ने व्यवस्था छ । कार्यालयले सहभागिताको लागि नगद लाई जोड दिएको देखिन्छ । उपभोक्ता समिति मार्फत योजना सञ्चालन गर्दा श्रममुलक प्रविधि, स्थानीय सीप, श्रोत, साधन उपयोग हुने र स्थानीयस्तरमा कार्य सम्पन्न गर्न सक्ने, रोजगारीमुलक हुनुपर्नेमा योजना सञ्चालनमा स्थानीय उपभोक्ताको योगदान स्वरुप नगद रकम जम्मा गरी योजना सञ्चालन हुने गरेको छ । स्थानीयको योगदान नगद रकममा भन्दा श्रममुलक प्रविधि, स्थानीय सीप र श्रम भएमा स्थानीय स्तरमा रोजगार वढ्ने तथा उपभोक्ता मार्फतको काम उत्पादनमुखि र प्रतिफलमुखी हुने देखिएकोले यस तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| १६.३. | उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा ७ मा कार्यालयले आर्थिक वर्ष शुरु भएको ३० दिनभित्र उपभोक्ता समितिबाट संचालन हुने आयोजना, परियोजना र कार्यक्रमहरु पहिचान एवं छनौट गरी कार्यान्वयन योजना बनाउनु पर्नेछ । उपभोक्ता समिति गठन पश्चात आयोजनाको ड्रईङ्ग, डिजाईन र लागत अनुमान (नेपाली भाषमा तयार गरिएको) स्वीकृत गरी उपभोक्ता समितिलाई उपलव्ध गराउनु पर्ने र दफा ८ मा आयोजना सम्झौता गर्दा आयोजना कार्यान्वयनको कार्य तालिका बनाउनु पर्ने व्यवस्था गरेको छ । यस उपमहानगरपालिकाले उपभोक्ता समितिबाट संचालन हुने आयोजना कार्यान्वयन योजना बनाएको, ड्रईङ्ग, डिजाईन र नेपाली भाषामा तयार गरेको लागत अनुमान उपलव्ध गराएको तथा कार्यान्वयन कार्यतालिका बनाएको छैन । कार्यविधि बमोजिमको समयावधिमा कार्यान्वयन योजना र कामको कार्यतालिका वेगर उपभोक्ता समितिमार्फत काम गर्दा यस वर्ष निम्नानुसारका योजना सम्पन्न हुन नसकि २०७६ कार्तिक मसान्त सम्मको म्याद थप गर्ने निर्णय गरेको देखिन्छ । | |

| क्र.स | उपभोक्ता समितिको नाम | योजनाको नाम | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | सम्झौता रकम(नपा) | उ. समिति बाट |
|---|---|---|---|---|---|---|
| १. | वडा कार्यालय परिसर मर्मत तथा संभार उपभोक्ता समिति | वडा कार्यालय परिसर मर्मत तथा संभार इटहरी १ | २०७६/२/३१ | ३/२५/२०७६ | २,००,००० | ४४४३६.० |
| २. | शहिद धर्मभक्त माथेमा स्मृती वाल उद्यान पार्क निर्माण समिति | शहिद धर्मभक्त माथेमा स्मृती वाल उद्यान ( शौचालय/कल्भर्ट) निर्माण कार्य इटहरी ४ | १/४/२०७६ | २०७६/२/३० | ५००,०००.०० | १२५८३३.८७ |
| ३ | कञ्चनजंघा शैनिक कालोपत्रे निर्माण उ स | कञ्चनजंघा शैनिक मार्ग कालोपत्रे, इटहरी-4 | ९/२६/२०७५ | ३/१५/२०७६ | २,०००,०००.०० | ८०१८५२.३७ |
| ४ | बराहा टोल कालोपत्रे तथा ड्रेन निर्माण उपभोक्ता समिति | इन्टरलकिङ्ग टायल्स, इटहरी-५, बराहा टोल | २/१/२०७६ | ३/१५/२०७६ | १,०००,०००.०० | ४००४८५.३२ |
| ५ | घेरेलु मार्ग कालोपत्रे उ स | घेरेलु मार्ग कालो पत्रे, इटहरी -५ | ११/२९/२०७५ | १/३०/२०७६ | १,०००,०००.०० | ३९१०७२.७५ |
| ६ | कान्तिपुर मार्गका शाखा बाटाहरु ब्लक बिछ्याउने उ स | कान्तिपुर मार्गका शाखा बाटाहरु ब्लक बिछ्याउने, इटहरी -५ | २/६/२०७६ | ३/६/२०७६ | ६,००,०००/ | २४१८६६.९५ |
| ७ | ज्योति सेकेण्डरी स्कुल | ज्योति सेकेण्डरी स्कुल ब्लक बिछ्याउने, इटहरी -5 | २/१४/२०७६ | ३/२६/२०७६ | ५,००,०००/ | ० |
| ८ | मदनमार्ग ड्रेन तथा कालोपत्रे निर्माण उ स | मदन मार्ग कालोपत्रे मर्मत तथा ड्रेन, इटहरी-5 | १०/१६/२०७५ | ३/२५/२०७६ | ३,०००,०००.०० | ५८८१९७.२८ |
| ९ | पाथिभरा मन्दिर निर्माण उ स | पाथिभरा मन्दिर निर्माण कार्य, जनता बस्ति इटहरी-5 | २/१४/२०७६ | ३/२५/२०७६ | २,००,०००/ | ५०४७१.३१ |
| १० | तुलसाटोल शाखा बाटो निर्माण उ स जानकी मार्ग इटहरी 5 | तुलसाटोल इन्टरलकिङ्ग टायल लगाउने कार्य, इटहरी-5 | ११/३/२०७५ | १/३०/२०७६ | २,०००,०००.०० | ७८०४८२.९४ |
| ११ | पशुपति भृकुटि मार्ग निर्माण उ स इटहरी ४ | पशुपति भृकुटि मार्ग टायल्स/कल्भर्ट/कालोपत्रे निर्माण, इटहरी-६ | १२/१४/२०७५ | ३/२०/२०७६ | ११,००,०००/ | ४४०८७६.०२ |
| १२ | बसपार्कपश्चिम पट्टिको दोश्रो बाटो RCC निर्माण उ स | बसपार्कपश्चिम पट्टिको दोश्रो बाटो RCC निर्माण, इटहरी-9 | २/१६/२०७६ | ३/२०/२०७६ | ३,२००,०००.०० | ६४५१६५.८४ |
| १३ | बसपार्क टर्मिनल परिसर RCC निर्माण उ स | बसपार्क टर्मिनल परिसर RCC निर्माण, इटहरी-9 | २/१६/२०७६ | ३/२०/२०७६ | ३३,००,०००/ | ६३९१७६.५३ |
| १४ | ड्रेन निर्माण | मितेरी जब्दिमार्ग प्रोटेक्सन वाल तथा ग्राभेल निर्माण कार्य, इटहरी-16 | १२/२९/२०७५ | २/१५/२०७६ | १०,००,०००/ | ३०३१२० |
| १५ | शहिदचोक बाट उत्तर जाने बाटो भान्से पोखरी मार्ग कालोपत्रे निर्माण उ स | शहिदचोक बाट उत्तर जाने बाटो भान्से पोखरी मार्ग कालोपत्रे, इटहरी- | १२/२२/२०७५ | २/१४/२०७६ | १३,००,०००/ | १९४५२७.५१ |
| १६ | चन्द्र छविमार्ग उत्तर प्रारम्भ मार्ग ड्रेन तथा कालोपत्रे | ड्रेन तथा कालोपत्रे (चन्द्र छविमार्ग उत्तर प्रारम्भ मार्ग) इटहरी 2 | ९/२५/२०७५ | ३/१५/२०७६ | १,०००,०००.०० | ४३३७९५ |
| १७ | आदर्स टोल निर्माण उ स | कोशी राजमार्ग देखि पश्चिम आदर्स टोल ड्रेन निर्माण, इटहरी -1 | ११/२९/२०७५ | १/३०/२०७६ | ५००,०००.०० | १५०५२१.४१ |
| १८ | बसपार्क देखि मुसहरी टोल हिमालय मार्ग कालोपत्रे उ स | बसपार्क देखि मुसहरी टोल हिमालय मार्ग कालोपत्रे, इटहरी-9 | १२/३/२०७५ | ३/१०/२०७६ | १,५००,०००.०० | ५८५२८३.७१ |
| १९ | राष्ट्रिय मा वि | राष्ट्रिय मा वि सौर्य वत्ती जडान , इटहरी-1 | ३/१९/२०७६ | ३/३०/२०७६ | ३००,०००.०० | ७८३४०.५ |
| २० | तरहरा स्पोर्टस क्लब इटहरी-20 | तरहरा बास्केटवल कोर्ट सौर्य वत्ती जडान, इटहरी -20 | ३/१९/२०७६ | ३/२५/२०७६ | ६६४,८१२.०० | ९०४८९.३ |
| २१ | राम जानकीमार्ग देखि पूर्व तर्फको ड्रेन निर्माण उ स | विरेन्द्र गौतमको घर पुर्व आनन्द मिल तर्फ जाने बाटो ड्रेन तथा ग्राभेल, इटहरी-5 | १/१०/२०७६ | ३/१०/२०७६ | ००,०००.०० | १२०३६७.९२ |
| २२ | शिवशक्ति वागेश्वरी मार्ग निर्माण उ स | शिवशक्ति वागेश्वरी मार्ग इन्टरलकिङ्ग टायल लगाउने कार्य, इटहरी-4 | २/१/२०७६ | ३/२०/२०७६ | १०००,०००.०० | ४०१५१२.४८ |
| २३ | एकता टोल विकास संस्था | एकता टोल ड्रेन सरसफाइ, इटहरी-4 | ३/१९/२०७६ | ३/३०/२०७६ | ३१,८१४.६४ | २१२०९.७६ |
| २४ | तुलसीलाल मार्ग सडक मर्मत उ स | तुलसीलाल मार्ग कालोपत्रे निर्माण, इटहरी-4 | २०७६/२/३० | ३/२५/२०७६ | ५००,०००.०० | ० |
| २५ | गैरी गाँउ बुढी खोला तटबन्धन | गैरी गाँउ बुढी खोला नदि नियन्त्रण, इटहरी-4 | ११/२८/२०७५ | २०७६/२/३० | ४७५०,०००.०० | ५९४६८३७.६ |
| २६ | दिना दाहालको घर अगाडिको सुकुमारी पैनीमा | सुकुमारी खोला दिना दाहालको घर छेउको कल्भर्ट निर्माण, | २/१५/२०७६ | ३/२५/२०७६ | १५००,०००.०० | ० |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | | | | | | वेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | कल्भर्ट निर्माण | इटहरी- | | | | |
| | २७ | बसपार्क पश्चिम हिमालय मार्गमा थप कालोपत्रे निर्माण | बसपार्क पश्चिम हिमालय मार्ग कालोपत्रे, इटहरी-9 | २/१६/२०७६ | ३/३०/२०७६ | ३००,०००.०० | ११४५७३.५१ |
| | २८ | सप्तकोशि चतारा लोकमार्ग मर्मत | तरहरा भवानीपुर कालोपत्रे मर्मत, इटहरी-20 | २०७६/२/३१ | ३/२५/२०७६ | ३४५०,०००.०० | ० |
| | २९ | ओम शान्ति टोल विकास | ओम शान्ति मार्ग कालोपत्रे, इटहरी-20 | २/८/२०७५ | ३/८/२०७५ | ५००,०००.०० | १५८०१४.९६ |
| | ३० | यादव पोखेलको घर दक्षिण जाने बाटो कालोपत्रे | पुष्पलाल टोल नमुना मार्ग कालोपत्रे, इटहरी-20 | १/८/२०७६ | २०७६/२/३२ | १०००,०००.०० | ४०४२९०.१८ |
| | ३१ | त्रिवेणी टोल बाटो तथा ड्रेन निर्माण | त्रिवेणी टोल ड्रेन तथा टायल्स, इटहरी-6 | ११/८/२०७५ | १/८/२०७६ | १०००,०००.०० | ३९०४८१.०८ |
| | ३२ | गोदावारी मार्ग कालोपत्रे निर्माण | कोरियन चोक दक्षिण प्रधानको घरसम्म कालोपत्रे, इटहरी-19 | १२/२९/२०७५ | २/२९/२०७६ | १२५०,०००.०० | ५००१५४.९९ |
| | ३३ | कालोपत्रे निर्माण उ स | सिरानटोल शहिद स्कुल जाने बाटो कालोपत्रे, इटहरी-19 | २/१/२०७६ | ३/७/२०७६ | १२००,०००.०० | ० |
| | ३४ | फलैचा चोकदेखि हस्पिटल चोक सम्म प्रोटेक्सन वाल तथा कालोपत्रे निर्माण उ स | फलैचा चोकदेखि हस्पिटल चोक सम्म प्रोटेक्सन वाल तथा कालोपत्रे, इटहरी-18 | २/१२/२०७६ | ३/१०/२०७६ | १५००,०००.०० | ३०००२५.२९ |
| | ३५ | कचना महादेव मा.वि | कचना महादेव मा.वि वायोग्यास निर्माण, इटहरी-4 | २०७६/२/३० | ३/२५/२०७६ | ६६,५८१.९१ | २६६३२७.६३ |
| | ३६ | अनामनगर जाने बाटो प्रोटेक्सन वाल र सडक बाटो निर्माण समिति | अनामनगर जाने बाटो प्रोटेक्सन वाल सडक बाटो निर्माण, इटहरी-6 | २/२६/२०७६ | ३/२५/२०७६ | ६०००,०००.०० | ० |
| | ३७ | उद्योग वाणिज्य संघ | उद्योग वाणिज्य संघ भवन निर्माण,इटहरी-4 | १२/१२/२०७५ | २०७६/२/३० | १५००,०००.०० | ४३७३८३.५१ |
| | ३८ | सुविधा मार्ग कालोपत्रे निर्माण उ स | सुविधा मार्ग कालोपत्रे, इटहरी-8 | २०७६/२/३१ | ३/२५/२०७६ | १५००००० | ३००१४४.४६ |
| | ३९ | टेङ्ग्रा खोला नदी नियन्त्रण उ स | टेङ्ग्रा खोला नदी नियन्त्रण कार्य, इटहरी-4 | २/२/२०७६ | ३/१५/२०७६ | ३७९४७०७ | ० |
| | ४० | तालतलैया बाटो निर्माण उ स | तालतलैया फुटबल ग्राउण्ड मर्मत, इटहरी-3 | २/१५/२०७६ | ३/२०/२०७६ | २००००० | ६६४३६ |
| | ४१ | रात्रीबजार संचालन व्यबस्थापन समिति | रात्रीबजार निर्माण कार्य, इटहरी 4 र 6 | २/२८/२०७६ | ३/२५/२०७६ | २९००००० | ३०५३२०.२६ |
| | ४२ | वृहत्तर मुक्तिधाम क्षेत्र विकास समिति | वायोग्यास निर्माण कार्य, श्रीकृष्ण प्रणामी मन्दिर इटहरी-4 | २०७६/२/३० | ३/२५/२०७६ | २०२७११.५६ | ८१०८४६.२६ |
| | ४३ | विच्छुधामी ग्रामथान निर्माण उ स | विच्छुधामी ग्रामथान कम्पाउण्ड वाल निर्माण, इटहरी-8 | २०७६/२/३० | ४/१०/२०७६ | २००००० | ३८८२९.५५ |
| | ४४ | प्रगतिटोल बाटो निर्माण उ स | प्रकाश चौधरीको घर देखि ध्यानी चौधरीको घर सम्म प्रोटेक्सन वाल निर्माण, इटहरी-11 | ११/१२/२०७५ | १/३०/२०७६ | २००००० | ५८२६५.५५ |
| | ४५ | दिनाभद्री बाबा मन्दिर मर्मत उ स | दिनाभद्री मन्दिर भवन मर्मत इटहरी-7 | २/१४/२०७६ | ३/१४/२०७६ | १००००० | ० |
| | ४६ | सार्वजनिक जग्गा घेरावारा उ स | सार्वजनिक जग्गा घेरावारा, इटहरी-3 | २/२३/२०७६ | ३/१५/२०७६ | ६५०००० | २२०४८.६७ |
| | ४७ | कल्भर्ट निर्माण आवादि टोल उ स | कल्भर्ट निर्माण आवादि टोल, इटहरी*15 | १२/१३/२०७५ | ३/१०/२०७६ | १०००००० | १९५९६८.०३ |
| | ४८ | सुकुमारी खोला कल्भर्ट निर्माण उपभोक्ता समिति | सुकुमारी खोला कल्भर्ट निर्माण, इटहरी-7 | २०७६/२/३० | ३/२४/२०७६ | १६५०००० | ४९५३७ |
| | ४९ | स्वस्तिक टोल ड्रेन निर्माण उ स | स्वस्तिक टोल ड्रेन निर्माण, इटहरी-13 | २/२/२०७६ | ३/२०/२०७६ | २००००० | ५८४४६.५२ |
| | ५० | जेष्ठ नागरिक चौतारो निर्माण समिति | जेष्ठ नागरिक आराम चौतारी, इटहरी-17 | २०७६/२/३१ | ३/२५/२०७६ | १५०००० | ५१३०.१ |
| | ५१ | जंगलु टोल ग्रामथान घेराबारा मर्मत तथा निर्माण उ स | जंगलु टोल ग्रामथान घेराबारा मर्मत कार्य, इटहरी-19 | १/२७/२०७६ | २०७६/२/३० | १००००० | २१५५१.८३ |
| | ५२ | भरतमिलन राम जानकी मार्ग उ स | भरत मिलनचौक देखि रामजानकी मन्दिर सम्म कालोपत्रे निर्माण, इटहरी-7 | १०/६/२०७५ | २०७६/२/३० | २५००००० | १६६१८५६ |
| | ५३ | टावरदेखि मनमोहन स्कुल जाने बाटो कालोपत्रे निर्माण उ स | टावरदेखि मनमोहन स्कुल जाने बाटो कालोपत्रे, इटहरी-10 | १०/१५/२०७५ | १/३०/२०७६ | २५००००० | ९९४३९३.३६ |
| | ५४ | श्री सलहेस गोहवर मन्दिर निर्माण उ स | गोहवर मन्दिर निर्माण कार्य, इटहरी-14 | २/१२/२०७६ | ३/२०/२०७६ | ५०००० | ३७९३.१६ |
| | ५५ | राधाकृष्ण मन्दिर उत्तर पकली मा.वि सम्म ड्रेन निर्माण उ स | राधाकृष्ण मन्दिर उत्तर पकली मा.वि सम्म ड्रेन निर्माण, इटहरी-1 | २/१२/२०७६ | ३/७/२०७६ | २००००० | ६०१०२.०२ |
| | ५६ | राधाकृष्ण मन्दिर निर्माण उ स | राधाकृष्ण मन्दिर निर्माण कार्य नरभाषा, इटहरी-14 | १२/१२/२०७५ | २/१२/२०७६ | १००००० | २४५५९.९२ |
| | यस वर्ष सम्पन्न हुन नसकेको आधारमा मात्र योजनाहरुलाई क्रमागत रुपमा सञ्चालन गर्ने निर्णय गरी दायित्व सारेको छ । तोकिएको समयमा काम सम्पन्न गर्ने तर्फ सचेत रहनु पर्दछ । | | | | | | |
| १६.४. | उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा १२(ङ) मा उपभोक्ता समितिबाट हुने कामको सभ्फौता बमोजिमको समय लागत र गुणस्तरमा सम्पन्न हुन नसकेमा सम्वन्धित प्राविधिक कर्मचारीलाई सचेत गराउने र प्रकृति हेरी आवश्यकता अनुसार कारवाही गर्न सक्नेछ । त्यस्ता उपभोक्ता समितिको लगत राखी उपभोक्ता समितिका पदाधिकारीलाई निश्चित समयसम्मको लागि अन्य उपभोक्ता समितिमा रही काम गर्न निषेध गर्ने व्यवस्था भएकोमा उपरोक्तानुसारका ५६ योजनाहरु तोकिएको समयमा सम्पन्न नभएको सम्वन्धमा कुनै कारवाही भएको देखिएन । | | | | | | |
| १६.५. | **योजना हस्तान्तरण :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१२) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले उपभोक्ता समिति मार्फत सञ्चालन गरेका योजनाहरु सम्वन्धित उपभोक्ता समितिहरुलाई रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व हस्तान्तरण गरेको छैन । सम्पन्न भएका योजनाहरु हस्तान्तरण हुनु पर्दछ । | | | | | | |
| १६.६. | **हेभि मेशिनको स्वीकृती :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७(९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालीत हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर डोजर, ग्रेडर विटुमिन | | | | | | |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| | डिष्टिव्यूटर, विटुमिन ब्वाईलर जस्ता हेभि मेशिन प्रयोग गर्न सकिने छैन भन्ने व्यवस्था छ । साथै सोही दफाको प्रतिवन्धात्मक वाक्याशंमा तर लागत अनुमान तयार गर्दाको समयमा हेभि मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने छ भन्ने व्यवस्था भएकोमा यस कार्यालय अन्तरगत सञ्चालित योजनाहरुको लागत अनुमान तयार गर्दा लोडर, एक्साभेटर, रोलर डोजर, ग्रेडर विटुमिन डिष्टिव्यूटर, विटुमिन ब्वाईलर जस्ता हेभि मेशिन प्रयोग गर्नुपर्ने निर्माण कार्य उपभोक्ता समितिबाट गराउने भनि लागत अनुमान स्वीकृत गरेको तथा सो मेशिनहरु प्रयोगका लागि उपभोक्ता समितिले सम्वन्धित प्राविधिकको शिफारिशमा कार्यालयबाट स्वीकृत लिएको देखिएन । अतः नियमको पालना हुनुपर्दछ । | |
| १६.७. | **मुल्य अभिवृद्धि कर जानकारी :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को दफा ६क मा सरकारी निकाय, सार्वजनिक संघ संस्था वा दर्ता भएको व्यक्तिले आफुले गरेको ठेक्का संम्झौता र कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा दिई करको भुक्तानी सम्वन्धित ठेकदारलाई गर्नु पर्नेछ भन्ने व्यवस्था छ । यस कार्यालयलाई आवश्यक वस्तु तथा सेवा खरिद गर्दाको विल भरपाई र विभिन्न योजना कार्यान्वयनको क्रममा उपभोक्ता समिति मार्फत मूल्य अभिवृद्धिकर भुक्तानी दिएको विल भरपाई पेश गरेकोमा सोको जानकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई गराएको छैन । कार्यालयले उपभोक्ता समितिसंग गरेको संम्झौताको शर्त १० (त) मा मु.अ कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा नियमानुसार कर बिजक लिनुपर्ने उल्लेख छ । उपभोक्ताले गरेको भुक्तानीको जानकारी दिने वा दिन लगाउने दायित्व समेत कार्यालयको भएकोले के कुन उपभोक्ता समितिलाई के कति मुल्य अभिवृद्धि कर भूक्तानी भएको छ सो एकिन गरी कार्यालयबाट उपभोक्ता मार्फत भएका मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी आन्तरिक राजश्व कार्यालयलाई दिने व्यवस्था हुनु पर्दछ । | |
| १६.८. | **शुन्य लागत सहभागिता :** उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि,२०७५ को दफा १२(१२) मा लागत सहभागिता जुट्न नसक्ने योजनाहरु (पुल, कल्भर्ट, कालोपत्रे ) को हकमा लागत सहभागिता जुट्न नसक्नुका कारणहरु चित्तवुझ्दो भएमा नगरपालिकाले आवश्यक निर्णय गर्न सक्ने व्यवस्था गरेको छ । यस वर्ष उपभोक्ता मार्फत सञ्चालन भएका ६६६ वटा परियोजनाहरु मध्ये ४ करोड ३२ लाख २ हजार लागत अनुमान भएका ५० वटा योजना शुन्य लागत सहभागितामा सञ्चालन भएको देखिन्छ । शुन्य लागत सहभागिता ४४ वटा योजना सडक ग्राभेल, नदी नियन्त्रण, सार्वजनिक भवन निर्माण, धार्मिक स्थल संरक्षण र सम्वर्द्धनका योजनाहरु रहेका छन् । उपभोक्ताको लागत सहभागिता वेगर उपभोक्ता मार्फत योजना सञ्चालन गर्नुपर्ने प्रमाण लेखापरीक्षणको क्रममा पेश नभएकोले उपभोक्ता समितिको योगदान नहुनुको यथार्थता परीक्षण गर्न सकिएन । | |
| १६.९. | **असम्वन्धित कार्य :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराँउदा वा सोसम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिएबमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिनेछ भन्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ (१२) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यस उपमहानगरपालिकाले उपभोक्ता समितिले उपयोग नगर्ने निम्नानुसारको निर्माण कार्य समेत उपभोक्ता समिति मार्फत गराएको छ । | |

| सि.न | कार्यक्रमको नाम | कार्यालयको भुक्तानी |
|---|---|---|
| १. | वडा कार्यालय माथि ट्रस निर्माण | ४६९५३९.३१ |
| २. | शहरी स्वास्थ्य केन्द्र कम्पाउण्ड वाल | १०२५०००.०० |
| ३. | स्वास्थ्य चौकि निर्माण कार्य | ९७५०००.०० |
| ४. | सामुदायिक स्वास्थ्य क्लिनिक | १९६००००.०० |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| १७. | सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन,२०७५ को सि.न ३ मा सार्वजनिक क्षेत्रमा उस्तै किसिमको योजना कार्यक्रम एवं कार्ययोजनाहरु वेग्लावेग्लै निकायबाट प्रस्ताव गर्ने, स्रोतको माग गर्ने वैकल्पिक स्रोत जुटाउने कार्य वन्द गर्ने उल्लेख छ । यस उपमहानगरपालिका अन्तरगत रहेको समाजकल्याण समिति इटहरी ५ ले सार्वजनिक भवन निर्माणका लागि प्रदेश र संस्कृति, प्रर्यटन तथा नागरिक उड्यन मन्त्रालयमार्फत क्रमश १५ लाख र १० लाख माग गरेको तथा यस उपमहानगरपालिकाले समेत सोही | |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| | कामका लागि बजेट उपलव्ध गराएको छ । मार्गदर्शनमा उल्लेख भए बमोजिम सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्न यस किसिमले योजना छनौट तथा सञ्चालन गर्ने प्रकृयामा सुधार हुनु पर्दछ । | |
| १८. | **अनुपातिक कट्टि :** भौ.न १४३।२०७६।३।३० मगंल बाबा मार्ग सडक कालोपत्रे निर्माण उपभोक्ता समिति इटहरी ७ लाई कालोपत्रे निर्माणको लागत अनुमान रु ५५७९७१४।४१ कायम भएको छ । उपभोक्ता समितिसंगको सम्झौतामा उपमहानगरपालिका अनुदान ३९२००००।०० र उपभोक्ता समितिको योगदान रु १६५९७१४।४१ हुने उल्लेख छ । उपभोक्ता समितिले पेश गरेको अन्तिम नापी विलबाट रु ५३२३१६६।९० को मात्र काम भएको देखिएकोले कुल काम लागत अनुमान भन्दा ४.६ प्रतिशतले घटी भएको अवस्थामा कार्यालयले व्यहोर्ने रकम रु ३७३९६८०।०० हुनुपर्नेमा रु ३८०२२६१।०० भुक्तानी दिएकोले वढी भुक्तानी दिएको रु | ६२५८१.०० |
| १९. | **विटुमिन खपत :** सडक कालोपत्रेको लागि गरिने विटुमिनस प्राइम कोट र ट्र्याक कोटको स्प्रे( खपत) दर सामान्यतया प्रति वर्ग मीटर क्रमश ०.९० लिटर र ०.७० लिटर रहेकोमा यस उपमहानगरपालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराएका सवै योजनाहरुको लागत अनुमानमा प्राइम कोट खपत दर १ लिटर प्रतिवर्ग मिटरको दरले तयार गरी सोही बमोजिम उपभोक्तासंग सम्झौता गरी भुक्तानी गरेकोले निम्नानुसारका उपभोक्ता समितिलाई वढी भुक्तानी गरेको रकम असुल गर्नुपर्ने देखिएको रु..... | ३०५०७५.६२ |

| निर्माण कार्य | गरेको कार्य | वर्ग मिटर | पाउने विटुमिन प्रति व.मि | भुक्तानी भएको विटुमिन प्रति व.मि | वढी विटुमिन खपत प्रति व.मि | वढी विटुमिन लिटर | दर प्रति लिटर | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| तरहरा भवानीपूर कालोपत्रे मर्मत | प्राइम कोट | १४०७.५२ | ०.९ | १ | ०.१ | १४०.७ | १५९.१५ | २२३९२.४० |
| मलङ्ग वावा मार्ग | प्राइम कोट | ३३७५.६७ | ०.९ | १ | ०.१ | ३३७.५ | १५९.८५ | ५३९४९.३७ |
| देविस्थान पश्चिम कालोपत्रे निर्माण | प्राइम कोट | १४०७ | ०.९ | १ | ०.१ | १४०.७ | १६३.१० | २२९४८.१७ |
| वरगाछी देखि तालतलैया जाने सगरमाथा मार्ग | प्राइम कोट | ३५६४ | ०.९ | १ | ०.१ | ३५६.४ | १६३.१० | ५८१२८.८४ |
| फुलबारी मार्ग लिङ्क रोडसम्म | प्राइम कोट | १७४० | ०.९ | १ | ०.१ | १७४ | १६३.१० | २८३७९.४० |
| वडा कार्यालय देखि दक्षिण कालोपत्रे | प्राइम कोट | १५००.१५ | ०.९ | १ | ०.१ | १५० | १६३.१० | २४४६५.०० |
| आँपगाछी माझीटोल सडक | प्राइम कोट | १९१२.६० | ०.९ | १ | ०.१ | १९१.२६ | १५९.८५ | ३०५७२.९१ |
| एस.ओ.एस वालग्राम मार्ग | प्राइम कोट | १८२१.७५ | ०.९ | १ | ०.१ | १८२.१७ | १६३.१० | २९७११.९३ |
| सारदा मा.वि पुर्व मुनलाल घर जाने बाटो | प्राइम कोट | ९३०.०५ | ०.९ | १ | ०.१ | ९३ | १५९.८५ | १४८६६.०५ |
| सहमति चोक बहुभाषि मार्ग | प्राइम कोट | १२३०.७१ | ०.९ | १ | ०.१ | १२३ | १५९.८५ | १९६६१.५५ |
| **जम्मा** | | | | | | | | **३०५०७५.६२** |

शिलवन्दी दरभाउपत्र र वोलपत्रबाट सडक निर्माण कार्य गराँउदा समेत प्राइम कोट प्रति वर्ग मिटरमा १ लिटरको दरले लागत अनुमान बनाई सोही बमोजिम काम भएको देखाई भुक्तानी भएको छ । नर्म्सभन्दा वढी दरमा काम गराई अनावश्यक व्ययभार पर्ने देखिएको छ । यस्ता प्रकारका अन्य भुक्तानीमा छानवीन गरी विटुमिनमा वढी भुक्तानी हुन गएको रकम समेत असुल गर्नुपर्ने देखिन्छ ।

| | | |
|---|---|---|
| २०. | **वढी दरमा भुक्तानी :** उपमहानगरपालिकाले उपभोक्ता समितिमार्फत काम गर्दा तयार पारेको लागत अनुमान डोलिडारको नर्म्सको आधारमा गरेको छ । कार्यालयले उपलव्ध गराएको डोलिडारको नर्म्स र नगर दररेटका आधारमा दर विश्लेशण गरी तयार पारेको दर भन्दा निम्नानुसारको काममा वढी दरमा भुक्तानी भएको असुल गर्नुपर्ने देखिएको रु | ७६०१.३३ |

| उपभोक्ता समितिको नाम | निर्माण कार्य | कामको परिमाण | दर विष्लेशणको दर | भुक्तानी दर | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|
| वडा कार्यालय देखि दक्षिण कालोपत्रे निर्माण उ.स | ट्र्याक कोट | १०६३.६४ | १५९.८५ | १६३.१० | ३४५६.८३ |
| एस.ओ.एस वालग्राम मार्ग उ.स | ट्र्याक कोट | १२७५.२३ | १५९.८५ | १६३.१० | ४१४४.५० |
| | | **जम्मा** | | | **७६०१.३३** |

| | | |
|---|---|---|
| २१. | यस उपमहानगरपालिकासंग जोडिएका अन्य नगरपालिकाहरुले सडक कालोपत्रे गर्दा प्रिमिक्स कार्पेटिंगका लागि वेस कोर्स माथि विटुमिन प्राइम कोट प्रति वर्ग मिटर को रु.१३३।१७ को दरले भूक्तानी हुने गरी दर तयार गरेको छ । सोही कार्य वापत यस उपमहानगरपालिकाले निम्नानुसारका उपभोक्ता समितिहरुलाई देहायबमोजिमको दरले भुक्तानी गरेकोले तुलनात्मक रुपमा रु. ९३०९४६.४७ वढी व्ययभार परेको देखिन्छ । निकटतम कार्यालयहरुको दर भन्दा यस कार्यालयको दर वढी भएको सन्दर्भमा कार्यालयको ध्यानाकर्षण हुनु पर्ने देखिएको रु | ९३०९४६.४७ |

| निर्माण कार्य | गरेको कार्य | वर्ग मिटर | उपमहानगरपालिकाको दर प्रति लिटर | निकटतम कार्यालयको दर | वढी व्ययभार रकम |
|---|---|---|---|---|---|
| तरहरा भवानीपुर कालोपत्रे | प्राइम कोट | १४०७.५२ | १५९.१५ | १३३.१७ | ३६५६७.३७ |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| मर्मत | ट्याक कोट | १०२७.४८ | १५९.१५ | १३२.६६ | २७२१७.९५ |
| मलङ्ग वावा मार्ग | प्राइम कोट | ३३७५.६७ | १५९.८५ | १३३.१७ | ९००६२.८८ |
| | ट्याक कोट | २४६४.२३ | १५९.८५ | १३२.६६ | ६७००२.४१ |
| देविस्थान पश्चिम कालोपत्रे निर्माण | प्राइम कोट | १४०७ | १६३.१० | १३३.१७ | ४२१११.५१ |
| | ट्याक कोट | १०२७.११ | १६३.१० | १३२.६६ | ३१२६५.२३ |
| बरगाछी देखि तालतलैया जाने सगरमाथा मार्ग | प्राइम कोट | ३५६४ | १६३.१० | १३३.१७ | १०६६७०.५२ |
| | ट्याक कोट | २६०१.७२ | १६३.१० | १३२.६६ | ७९१९६.३६ |
| फुलबारी मार्ग लिङ्क रोडसम्म | प्राइम कोट | १७४० | १६३.१० | १३३.१७ | ५२०७८.२० |
| | ट्याक कोट | १२७० | १६३.१० | १३२.६६ | ३८६५८.८० |
| वडा कार्यालय देखि दक्षिण कालोपत्रे | प्राइम कोट | १५००.१५ | १६३.१० | १३३.१७ | ४४८९९.४९ |
| | ट्याक कोट | १०६३ | १६३.१० | १३२.६६ | ३२३५७.७२ |
| आँपगाछी माझीटोल सडक | प्राइम कोट | १९१२.६० | १५९.८५ | १३३.१७ | ५१०२८.१७ |
| | ट्याक कोट | १३९६ | १५९.८५ | १३२.६६ | ३७९५७.२४ |
| एस.ओ.एस वालग्राम मार्ग | प्राइम कोट | १८२१.७५ | १६३.१० | १३३.१७ | ५४५२४.९८ |
| | ट्याक कोट | १२७५ | १६३.१० | १३२.६६ | ३८८११.०० |
| सारदा मा.वि पुर्व मुनलाल घर जाने बाटो | प्राइम कोट | ९३०.०५ | १५९.८५ | १३३.१७ | २४८१३.७३ |
| | ट्याक कोट | ६७८.९३ | १५९.८५ | १३२.६६ | १८४६०.११ |
| सहमति चोक बहुभाषि मार्ग | प्राइम कोट | १२३०.७१ | १५९.८५ | १३३.१७ | ३२८३५.३४ |
| | ट्याक कोट | ८९८.४१ | १५९.८५ | १३२.६६ | २४४२७.७७ |
| | | | | **जम्मा** | **९३०९४६.७७** |

२२. **प्राविधिक पुष्ट्याँई :** सडक निर्माण कार्यमा सामान्यतया पैदलयात्रु मात्रले प्रयोग गर्ने गरी तयार पारिएको पिच सडक वाहेकका सवारी साधन सञ्चालन हुने सडकमा क्रमश सबग्रेड, सववेस र वेसको काम गर्ने गरिन्छ । उपमहानगरपालिकाले निर्माण गरेको निम्नानुसारको कालोपत्रे सडकमा सवग्रेड र वेसकोमात्र काम भएको तथा सव-वेसको भन्दा वढी परिमाणमा वेसको काम भएको देखाई भुक्तानी गरेको छ । सबवेसको काम वेगरै सबग्रेड र वेसको मात्र काम गरेको तथा सबग्रेड भन्दा वढी परिमाणमा वेसको काम र सोही अनुरुपमा प्राइम कोट ट्र्याक कोट, प्रिमिक्स कार्पेटिंग र सिलकोटको काम सम्वन्धमा प्राविधिक पुष्ट्याँई गर्नुपर्ने रु १७९०००५.३३

| आयोजनाको नाम | उपभोक्ता समिति | सववेसको परिमाण | वेसको परिमाण | वढी परिमाण | भुक्तानी दर | वढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| सामुदायीक टोलमा कालोपत्रे | सामुदायीक टोलमा कालोपत्रे निर्माण उ.स | ८८.४४ | १३२.५८ | ४४.१४ | २७२४.१५ | १२०२४३.९८ |
| मलङ्ग वावा मार्ग | मलंगवावा मार्ग सडक निर्माण उपभोक्ता समिति | ३३७.५७ | ५०६.३५ | १६८.७८ | २७२४.१५ | ४५९७८२.०३ |
| फुलबारी मार्ग लिङ्क रोडसम्म | फुलवारी मार्ग उपभोक्ता समिति | २४३.६ | २६१ | १७.४ | २७१७.०८ | ४७२७७.१९ |
| वडा कार्यालय देखि दक्षिण कालोपत्रे | वडा कार्यालय देखि दक्षिण कालोपत्रे निर्माण उपभोक्ता समिति | १६४.०२ | २४६.६४ | ८२.६२ | २७२६.०८ | २२५२२८.७२ |
| आँपगाछी माझीटोल सडक | आँपगाछी माझीटोल जाने बाटो निर्माण उपभोक्ता समिति | १२५ | ३०३.८८ | १७८.८८ | २७२४.१५ | ४८७२९५.९५ |
| एस.ओ.एस वालग्राम मार्ग | एस.ओ.एस वालग्राम मार्ग निर्माण उ.स | १८२.१८ | २७३.२६ | ९१.०८ | २७१७.१० | २४७४७३.४६ |
| सारदा मा.वि पुर्व मुनलाल घर जाने बाटो | सारदा मा.वि पुर्व मुनलाल घर जाने बाटो निर्माण उ.स | ६५.१० | १३९.५१ | ७४.४१ | २७२४.१५ | २०२७०४.०० |
| | | **जम्मा** | | | | **१७९०००५.३३** |

२३. **प्राविधिक रेखदेखमा कमी :** यस वर्ष कार्यालयबाट ६६६ वटा आयोजना उपभोक्ता समिति मार्फत र ३३ वटा ठेक्का मार्फत सञ्चालन भएको छ । कार्यालयको स्वीकृत दरवन्दी अन्तरगत १७ जना इन्जिनियर, सबइन्जिनियर र असिस्टेन्ट सब इन्जिनियर कर्मचारी रहेका छन् । कार्यालयले योजनाको लागत अनुमान, नाप जाँच र निरिक्षणका लागि आवश्यक प्राविधिकहरु कार्यालयले खटाउने हरेक मुख्य निर्माण कार्यहरु गर्दा सोही प्राविधिकको रेखदेखमा गर्नुपर्ने हुन्छ । धेरैजसो योजनाहरुको काम असार महिनामा सम्पन्न भएकोछ । साथै असार महिनामानै विभिन्न योजनाको प्रथम रनिङ्ग विल र दोश्रो तथा अन्तिम रनिङ्ग विल भुक्तानी भएको छ । आर्थिक वर्षको अन्तिम चौमासिकमा योजना संझौता गर्ने र अन्तिम महिनामा फरफारक गर्दा प्राविधिकको कार्यभार वढी रहेको देखिन्छ । जसको कारणले निर्माण स्थलको प्रत्यक्ष रेखदेख गरी सोहि आधारमा नापजाँच गर्नु व्यवहारीक रुपमा कठिनाई रहेको देखिन्छ । यस्तो अवस्थामा लागत अनुमान वरावरकै परिमाणमा काम सम्पन्न भएको विल पेश हुँदा नापजाँचको कार्य यथार्थ परक नरहने सम्भावन कायम रहेको छ । यसमा सुधार हुनुपर्दछ ।

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| २४. | **सडक मापदण्ड :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४५(१) मा स्थानीय सडकको राइट अफ वे सीमा तोक्न सक्ने व्यवस्था छ । उपमहानगरपालिकाले घरनक्सा पास गर्दा वस्ति विकास शहरी योजना सम्वन्धी आभारभूत योजना,२०७२ को आधारमा गर्ने गरेको छ । भवन ऐन, २०५५ र सो योजना अनुसार ५० मिटर भित्र टुङ्गिएको बाटोको चौडाई २० फिट हुनुपर्ने तथा ५० मिटर भन्दा लामोबाटोको चौडाई २० फिट र सेडव्याक छाडेको हुनुपर्ने व्यवस्था गरेको छ । आर्थिक वर्ष २०७५।७६ को बजेटको सि.न ९२ मा सडकको न्यूनतम चौडाई १६ फिटमा नघट्ने गरी सडकको मापदण्ड कायम गर्ने उल्लेख छ । जसबाट व्यवस्थित शहरीकरणको लागि उपमहानगरपालिकाले योजना सञ्चालन गर्दा वस्ति विकास शहरी योजना सम्वन्धी आभारभूत योजना, २०७२ को व्यवस्थालाई ध्यान दिएको देखिदैन । व्यवस्थित ढलको निकास तथा मापदण्ड बमोजिमको शहरी क्षेत्रमा विकासका कार्यक्रम सञ्चालनमा प्राथमिकता दिनुपर्नेमा यस उपपहानगरपालिकाले नगर क्षेत्र भित्रका मापदण्ड अनुसारको वाटो भए नभएको एकिन वेगर २० फिट (६ मि) भन्दा कम चौडाइएका वाटाहरुमा ग्राभेल गर्ने, सवग्रेड र सववेसको काम गर्ने तथा पिच समेत गरेको तथा Municipal Transport master plan 2076 तयार गरेको भएतापनि कार्यान्वयनमा ल्याएको छैन । | |
| २५. | **स्पेसिफिकेशन, योजना, नक्सा, डिजाइन :** सार्वजनिक खरिद ऐन,२०६४ को दफा ४(१) वमोजिम सार्वजनिक निकायले मालसामान,निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्वन्धी स्पेसिफिकेशन, योजना, नक्सा, डिजाइन, विशेष आवश्यकता वा अन्य विवरण तयार गर्नुपर्ने व्यवस्था छ । उपमहानगरपालिकाले यस वर्ष रु १ लाख देखि रु ८६ लाख सम्मका विभिन्न निर्माण कार्य उपभोक्ता समितिबाट गरेकोमा निर्माण कार्यको लागि नक्सा, डिजाइन, तयार भएको छैन । उपमहानगरपालिकावाट स्वीकृत वजेटलाई नै लागत अनुमान मानी खर्च लेख्ने गरेको देखियो । कुनै नक्सा, डिजाइन वेगर निर्माण कार्य गर्दा योजनाको दिगोपना र गुणस्तरमा समेत असर पर्ने देखिन्छ । योजना छनौट तथा कार्यान्वयन गर्दा संभाव्यता अध्ययन स्पेसिफिकेशन नक्सा, डिजाइन तयारी लगायतका कार्य गरी वातावरणलाई कम क्षति पुग्ने किसिम बाट कार्य गर्नु पर्दछ । | |
| २६. | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३)घ मा स्थानीय तहले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्वंय सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने योजना छनौट गरी कार्यान्वयन गर्नुपर्ने उल्लेख छ । साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराँउदा वा सोसम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई तोकिएबमोजिमको कार्यविधि पूरा गरी त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने व्यवस्था छ । यस उपमहानगरपालिकाले निम्नानुसारको खरिद कार्य उपभोक्ता समिति गठन भएकोमा लागत सहभागिता जुटाउन नसकिने स्पष्ट आधार र कारण वेगर शिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्ने गरी लागत अनुमान तयार गरी खरिद गरेको छ । शिलबन्दी दरभाउपत्रबाट खरिद गर्दाको लागत अनुमानमा ओभरहेड र भ्याट समेत थप गरी लागत अनुमान तयार हुने तथा खरिद प्रतिस्पर्धा नभएकोले लागत अनुमानकै हाराहरीमा वोलपत्रदाताले कबोल गरेको आधारमा काम गराँउदा उपभोक्ताको शुन्य लागतमा योजना सञ्चालन गर्दाको अवस्थामा भन्दा वढी व्ययभार परेको देखिएको छ । यसै किसिमका अन्य योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गरेकोले निम्नानुसारका योजनाहरु उपभोक्ताको शुन्य लागतमा योजना सञ्चालन गर्दाको अवस्थामा भन्दा वढी व्ययभार हुने गरी न्यून प्रतिस्पर्धामा शिलवन्दी दरभाउपत्र मार्फत खरिद गरेको उदाहरणहरु निम्नानुसार रहेका छन् : | |

| सि.न | ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान (मु.अ कर समेत) | संभ्कौता रकम (मु.अ कर समेत) | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १. | ४९/०७५/७६ | गणेश मार्ग ड्रेन तथा ग्राभेल | ४९९३५८.८२ | ४८८१६०.०० | ०.०८ |
| २. | १२/०७५/७६ | गणेश मार्ग पश्चिमको बाटो प्रोटेक्सन वाल र कालोपत्रे | १९५१२०७.८८ | १९४६६३०.४१ | ०.२३४ |
| ३. | २३/०७५/७६ | कालोपत्रे निर्माण | ९७३८०१.१९ | ९६३९४६.५० | ०.४० |
| ४. | ११/०७५/७६ | कालोपत्रे निर्माण | ९६५९१७.७१ | ९४५३४१.३९ | १.०२ |
| ५. | ४७/०७५/७६ | कालोपत्रे निर्माण | २४९३६७१.४२ | २४३२२१९.२० | ०.०३ |
| ६. | ३२/०७५/७७ | कालोपत्रे निर्माण | २९९९९२२.१७ | २९३८७३४.९३ | ०.२२ |
| ७. | ८/०७५/७६ | तटबन्ध निर्माण | ४९९८०३.९४ | ४८७२५६.०० | ०.०७ |
| ८. | २६/०७५/७६ | रिटेनिंग वाल निर्माण | ९९७९३०.२० | ९७१३९६.५९ | ०.२३ |
| ९. | ०६/०७५/७६ | वाँध निर्माण | ४९८६२६.०० | ४८६३५२.०० | ०.०२ |

<table>
<tr><th>सि.न.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>वेरुजु रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>१०.</td><td>०७/०७५/७६</td><td>नदि नियन्त्रण कार्य</td><td>९९९७३६.८२</td><td>९७४१२१.४९</td><td>१.२६</td></tr>
<tr><td>११.</td><td>०९/०७५/७६</td><td>कल्भर्ट निर्माण</td><td>९९९७६०.८६</td><td>९७४१५४.४७</td><td>०.०१</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६.१.</td><td>न्यून प्रतिस्पर्धा : सार्वजनिक खरिद ऐन,२०६३ को दफा ९ बमोजिम सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा खुल्ला रुपमा वोलपत्र आव्हान गरी गर्नुपर्नेछ र दफा २६(६) मा कुनै वोलपत्रदाताले आपसमा मिलेमतो गरी वोलपत्र दाखिला गरेको प्रमाणित भएमा त्यस्ता वोलपत्रहरु रद्द हुने व्यवस्था गरेको छ । यस कार्यालयले आव्हान गरेका माथिका वोलपत्रहरुमा लागत अनुमानका हाराहारीमा ठेक्का प्रदान गरेको देखिन्छ । विक्रि भएका जति वोलपत्र दाखिला नभएको तथा न्यून संख्यामा वोलपत्र दाखिला भएकोले वोलपत्रमा न्यून प्रतिस्पर्धा भएको देखिन्छ । प्रतिस्पर्धा न्यून हुनुका कारणहरुमा कार्यालयले वोलपत्रदाताको मिलोमतो सम्वन्धमा ध्यान पुऱ्याएको देखिदैन । वोलपत्रमा अधिक प्रतिस्पर्धा बनाउने तर्फ कार्यालय सजग रहनु पर्दछ । शिलवन्दी दरभाउपत्रहरु स्थानीय पत्रिकाहरुमा मात्र प्रकाशन गरेकोले समेत न्यून प्रतिस्पर्धा भएको देखिएकोले राष्ट्रिय स्तरको पत्रिकामा सुचना प्रकाशन गरी खरिद प्रक्रियालाई प्रतिस्पर्धि र मितव्ययी बनाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७.</td><td>क्रमागत योजना : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(४) मा गाउँपालिका तथा नगरपालिकाले उपदफा (१) बमोजिम योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूचीसमेत तयार गर्नुपर्नेछ भन्ने व्यवस्था छ । उपमहानगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा मध्यम तथा दीर्घकालिन आयोजनाहरुको सूची तयार पारेको देखिएन । विगत वर्षमा विभिन्न कारणले समयमा ठेक्का हुन नसकेर आर्थिक वर्षको अन्तमा मात्र सम्झौता भएका योजनालाई क्रमागत विकास निर्माण योजनाको रुपमा राखेको छ ।दीर्घकालिन आयोजना स्वीकृत नभएको अवस्थामा बजेट बचत भएको आधारमामात्र योजना सञ्चालन भएका योजनालाई क्रमागत र दिर्घकालिन योजनाको रुपमा नलिई उपमहानगरपालिकाको आर्थिक हित र विकासमा टेवा पुग्ने योजना छनौट गरी सोही योजनालाई दीर्घकालिन योजनाको रुपमा कार्यान्वयनमा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७.१.</td><td>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(१) मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक बजेट व्यवस्था नभई खरिद कारवाही सुरु गर्नु हुदैन भन्ने व्यवस्था गरेको छ । यस कार्यालयले भुर्कि देखि नहर सम्म कालोपत्रेका लागि रु ६१८९४७६।०० र विरनारायण मार्ग कालोपत्रेका लागि रु १८३४७२९५।५८ को लागत अनुमान गरी ठे.न ३५।०७५।७६ मार्फत वोलपत्र आव्हान गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् :</td><td></td></tr>
<tr><td>२७.२.</td><td>विरनारायण मार्ग कालोपत्रेका लागि वोलपत्रको रकम नगर स्तरीय वडा ११ को विरनारायण मार्ग ड्रेन तथा कालोपत्रे तर्फको रु २५ लाख भौतिक पूर्वाधार मन्त्रालय अन्तरगत छनौट भएको जेष्ठ नागरिक विरनारायण मार्ग प्रवेशद्धारको रु ५० लाख तथा विरनारायण मार्गको ड्रेन तथा ग्राभेल क्रमागत वडा १० तर्फको रु ४ लाख समेत यस वर्ष ७९ लाख र बाँकि अर्को आर्थिक वर्षमा छुट्याउने उल्लेख छ । यस वर्ष विभिन्न ३ योजनाको रकम एकिकृत गरी वोलपत्र आव्हान गरेको भएता पनि रु २१४००००।०० मोविलाईजेशन पेश्की मात्र प्रदान गरेको छ ।</td><td></td></tr>
<tr><td>२७.३.</td><td>लागत अनुमान र सुचना प्रकाशनको स्वीकृति पश्चात २०७५।१२।२२ वोलपत्रको सुचना प्रकाशन गरेको तथा २०७६।१।२३ मा बोलपत्र मुल्यांकन समितिले न्यूनतम कवोलकर्ताको नाम सिफारिश गरेकोमा संभ्कौता २०७६।३।९ मा मात्र भएको छ । यसै आर्थिक वर्षमा वोलपत्र आव्हान गरी रु ७९०००००।०० को काम गर्ने लक्ष्य राखेकोमा यस वर्ष सडक निर्माणको काम शुरु हुन सकेको देखिदैन । संभ्कौतामा आर्थिक वर्ष २०७७।२।४ सम्ममा योजना सम्पन्न गर्नुपर्ने उल्लेख छ । वोलपत्र आव्हान पूर्वको अवस्थामा आ.ब २०७६।७७ मा सो योजनाका लागि लागत अनुमान अनुसार रु १०४४७२९५।५८ विनियोजन गर्नुपर्ने देखिन्छ । कुल लागत अनुमान भन्दा ३२.७१ प्रतिशत घटीमा बोलपत्र कबोल गरेको तथा यस आर्थिक वर्षमा बजेट रु २१४००००।०० पेश्की प्रदान गरेकोले आगामी वर्षमा सो योजनाका लागि रु.९९६३०२३।२० विनियोजन गर्नुपर्ने दायित्व सिर्जना भएको छ ।</td><td></td></tr>
<tr><td>२७.४.</td><td>भुर्की देखि नहर सम्मको कालोपत्रे योजनाका लागि निर्वाचन क्षेत्र विकास कार्यक्रम तर्फको रु १० लाख र नगर स्तरीय आयोजनाको भुर्कि देखि नहर सम्मको बाटोको लागि छुट्याईएको रु २५ लाख समेत ३५ लाख यसवर्ष र बाँकी रु २६८९४७६।८३ आगामी आर्थिक वर्षमा विनियोजन गर्ने निर्णय गरेको छ । यसै आर्थिक वर्षमा काम शुरु गरी रु ३५ लाख खर्च गर्ने गरी वोलपत्र आव्हान गरी निर्माण व्यवसायी छनौट गरेकोमा काम शुरु भएको तथा रकम भुक्तानी भएको छैन । यस वर्ष काम शुरु गरी वचत रकम खर्च गर्ने गरी वोलपत्र आव्हान गरेकोमा रकम भुक्तान हुन सकेको छैन जसले गर्दा आगामी आर्थिक वर्षको लागि दायित्व सिर्जना भएको छ ।</td><td></td></tr>
<tr><td>२७.५.</td><td>कुल खर्चमा कार्यालयको आन्तरिक आय करिब ११ प्रतिशत रहेको हुँदा आर्थिक स्रोतको क्षेत्र सानो र सिमित</td><td></td></tr>
</table>

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| | रहेको देखिन्छ । यस्तो अवस्थामा प्राथमिकता प्राप्त योजनाहरु वाहेकका काममा बजेट वाँकी रहेकै आधारमा वोलपत्र आव्हान गर्नु हुदैन । खरिद प्रकृया शुरु भई सिर्जित आर्थिक दायित्व  आगामि आर्थिक वर्षमा सर्ने अवस्था सिर्जना भएपछि पेश्की जमानतका आधारमा मात्र संझौतानुसार वोलपत्रदाताले कामको व्यवस्थापन र तरिका सहितको कार्यतालिका पेशनै नगरेको अवस्थामा पेश्की प्रदान गरेको छ । यसै वर्ष २ ठेक्का बाट आगामि आर्थिक वर्षका लागि १ करोड ३५ लाख दायित्व सिर्जना भएको छ । ठुलो लगानी र जटिल प्रकृतिका योजनाहरु एकै आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने भएमा मात्र क्रमागत योजनाको रुपमा सञ्चालन गर्नुपर्नेमा यस कार्यालयले बचत बजेटबाट खर्च गर्न सकिने रकमको वोलपत्र आव्हान गरी वाँकी रकमको स्रोतका लागि क्रमागत योजना भनि निर्णय गर्ने गरेको छ । एक आर्थिक वर्षमा सम्पन्न हुन नसकेको सम्पूर्ण योजनाहरुलाई क्रमागत योजनाको रुपमा सञ्चालन गर्ने तथा बजेटको सुनिश्चितता वेगरै वोलपत्र आव्हान गर्ने तथा क्रमागत योजना बनाउने गरेको छ । यस किसिमको वहुवर्षिय ठेक्का र खरिद प्रकृयाले आर्थिक दायित्व सिर्जना गर्ने तथा उपमहानगरपालिकाको वित्तियको अवस्थामा शिथिलता ल्याउदछ । यस तर्फ कार्यालयले ध्यान दिनु जरुरी छ । | |
| २८. | **नापी किताब**: निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि स्वीकृत ढांचाको नापी किताब म.ले.प.फा.न. १७१ मा ठेक्का नं. आर्थिक वर्ष, कार्यालयको नाम, निर्माण व्यवसायीको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । नापी किताब म.ले.प.फा.नं १७२ मा उल्लेख गरि काम तामेल भएको बीस वर्ष पछि मात्र धुल्याउन मिल्ने भनी सरकारी कागजात धुल्याउने नियमाबली, २०२७ को अनुसूची ५ को बुंदा नं. ३ मा उल्लेख छ । कार्यालयले नापी सम्बन्धी अभिलेख नापी किताबमा राखेको भए तापनि सञ्चालित योजना एवं ठेक्का कार्यको लागि रनिङ बिल अनुसार नापी किताब लुज सिट मा तयार  गर्ने गरेको पाईयो । | |
| २९. | **प्रदेश पुर्वाधार विकास कार्यक्रम तर्फ** | |
| २९.१. | **ढिला अख्तियारी र कार्यक्रम :** प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संञ्चालन) नियमावली,२०७५ को नियम ७(३) समितिले सम्भव भए सम्म एक आर्थिक वर्षमा सम्पन्न गर्न सकिने आयोजना छनौट गरी अनुसूची १ बमोजिम कार्यान्वयन तालिका सहित सम्वन्धित स्थानीय तहमा  प्रत्येक आर्थिक वर्षको कात्तिक मसान्त भित्र पठाई सक्नु पर्नेछ भन्ने व्यवस्था छ । साथै उपनियम ७ मा उपनियम ३ बमोजिमको अवधिभित्र आयोजना पेश नगरेमा यो नियम बमोजिम रकम निकासा गरिने छैन भन्ने व्यवस्था छ । यस उपमहानगरपालिकालाई यस कार्यक्रम अन्तरगतको योजना २०७५ चैत्र २५ मा मन्त्रालयले पठाएको देखिन्छ। २ निर्वाचन क्षेत्रका विभिन्न २४ योजनाका लागि प्राप्त रकम दोश्रो चौमासिकमा ५० प्रतिशत खर्च  र अन्तिम चौमासिकमा वाँकि रकम खर्च गरी योजना सम्पन्न हुनुपर्नेमा अन्तिम चौमासिकमा मात्र योजना प्राप्त भएको छ । योजना समयमा प्राप्त नहुने र आर्थिक वर्ष भित्र समाप्त गरीसक्नुपर्ने वाध्यताका कारण आयोजनाको काम गुणस्तरीय नहुने सम्भावना रहन सक्ने भएकाले नियममा तोकिएको अवधि भित्र अख्तियारी तथा कार्यक्रम प्रदान गर्नु पर्दछ । | |
| २९.२. | **अधुरा योजनाको प्राथमिकिकरण :** प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संञ्चालन) नियमावली,२०७५ को नियम ७ को उपनियम (८) को खण्ड (च) मा साविकको स्थानीय निकाय स्थानीय तह साविकको जिल्ला विकास समिति विषयगत कार्यालय तथा समुदायद्धारा सञ्चालित अधुरा रहेका पूर्वाधार विकास सम्वन्धी आयोजना समेतलाई प्राथमिकता दिनु पर्ने व्यवस्था छ । यस कार्यालय मातहत सञ्चालन हुने आयोजनाहरु साविकको जिल्ला विकास समितिबाट हस्तान्तरीत भएका अधुरा आयोजनाहरु छनौटमा परेका छैनन् । नियमावलीको व्यवस्था अनुरुप अधुरा आयोजनाहरु छनौट गर्ने तथा विगतको लगानीलाई उपलव्धीमुलक बनाउने तर्फ ध्यान दिनु पर्दछ । | |
| २९.३. | प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संञ्चालन) नियमावली,२०७५ को नियम ७ को उपनियम १२ मा उपनियम १ बमोजिम आयोजना छनौट गर्दा ५० लाख विनियोजन हुने गरी कम्तीमा एक आयोजना अनिवार्यरुपमा छनौट गर्नुपर्ने व्यवस्था छ । यस उपमहानगरपालिकालाई प्राप्त निर्वाचन क्षेत्र ३क र २क को लागि प्राप्त योजनाहरुमा ५० लाख विनियोजन भएको देखिदैन । नियमानुसारको योजना छनौट गरी कार्यान्वयन गर्नु पर्दछ । | |
| २९.४. | प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संञ्चालन) नियमावली,२०७५ को नियम ८(२) मा  यस कार्यक्रम अन्तर्गत उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिने आयोजना मध्ये भवन र पुल भए उपभोक्ता समितिले कम्तिमा दश प्रतिशत र अन्य आयोजना भए कम्तिमा वीस प्रतिशत रकम योगदान गर्नु पर्नेछ भन्ने व्यवस्था छ । यस कार्यक्रम अन्तरगतका निम्नानुसारका योजनाहरुमा तोकिएको भन्दा न्यून सहभागितामा काम सम्पन्न गरेको छ । तोकिएको सहभागिता नरहेको रकम उपभोक्ता समिति मार्फत असुल गर्नुपर्ने देखिएको रु | ९५४८९१.०२ |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|

| सि.न | योजनाको नाम | स्थान | लागत रकम | भुक्तानी रकम | छुट सहभागिता |
|---|---|---|---|---|---|
| १. | कम्पाउण्ड वाल निर्माण | कञ्चनजंघा खेलकुद मैदान | १०००००० .०० | १००००००.०० | २०००००.०० |
| २. | भवन निर्माण | इटहरी १२ स्वास्थ्य चौकी | १०३३५३१.८७ | ९७५०००.०० | १०३३५३.१७ |
| ३. | सडक निर्माण | कान्छिचोक वडहरा सडक | १५००५७६.८२ | १४८५०००.०० | ३००११५.०० |
| ४. | ट्रस निर्माण | राष्ट्रिय कलेज भवन | १५००५७१.७० | १४८५०००.०० | ३००११५.०० |
| ५. | भवन निर्माण | जेष्ठ नागरीक भवन इटहरी १२ | ५१३०७८.४५ | ५०००००.०० | ५१३०७.८५ |
| | | **जम्मा** | ५५४७७५८.८४ | **५४४५०००.००** | **९५४८९१.०२** |

**प्रदेश ससर्त अनुदान तर्फ :**

३०. **ढिला अख्तियारी र कार्यक्रम :** प्रदेश नम्बर १ वित्त व्यवस्थापन ऐन, २०७५ को दफा ५(३) बमोजिमको प्रदेश ससर्त अनुदान रकम स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्दा प्रदेश सशर्त अनुदान प्रदान गर्ने सम्वन्धी कार्यविधि, २०७५ को दफा ९ को अधिनमा रही खर्च गर्न रकम उपलव्ध गराउनु पर्दछ । प्रदेश नम्बर १ ले उपलव्ध गराएको पहिलो किस्ताको रकमको खर्चको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालयमा प्राप्त भएपछि दोस्रो किस्ता हस्तान्तरण गरिने र कार्य सम्पन्न प्रतिवेदन प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । यस उपमहानगरपालिकालाई उपलव्ध गराउने रकम रु ७५ लाख रकम दुई किस्तामा पठाउनु पर्नेमा एकमुष्ठ २०७६ जेष्ठ महिनामा पठाएको छ । अख्तियारी र कार्यक्रम प्रदान गर्दा सशर्त अनुदान प्रदान गर्ने सम्वन्धित निकायले कार्यविधिको पालना गर्नुपर्दछ ।

**खरिद व्यवस्थापन**

३१. सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १३६ मा प्रचलित कानुनबमोजिम लेखा परीक्षण, अनुगमन, अनुसन्धान वा निरीक्षण गर्ने अधिकार प्राप्त निकायले खरिद कारवाही सम्बन्धी कुनै कागजात माग गरेमा सम्बन्धित सार्वजनिक निकायले त्यस्तो कागजात मनासिब समयमा उपलव्ध गराउनु पर्ने व्यवस्था छ । यस कार्यालयले डिपिआर निर्माणका लागि भएका खरिदका फाइलहरु, म.ले.प.फा.न १९० लगायतका विवरणहरु लेखापरीक्षणका क्रममा पेश गरेको छैन ।

३२. **पुर्व योग्यता निर्धारण :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा १२ मा पूर्वयोग्यता निर्धारण गर्नुपर्ने दफा ८(२) मा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्नु नहुने तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८ अनुसारको वार्षिक खरिद योजनामा खरिदको सम्भावित प्याकेज उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले खरिद योजना तयार नगरेको तथा खरिदको प्याकेज निर्माण गरेको छैन । बसपार्क बस टर्मिनल तथा बसपार्क पहुँच रोड को आर.सि.सि ढलानको लागि ३ वटा वोलपत्र मार्फत काम गरेको छ । एकै स्थानको एकै प्रकारको काम एउटा वोलपत्र मार्फत काम गर्नुपर्ने तथा लागत अनुमान २ करोड भन्दा वढी रहेकोले वोलपत्रदाताको योग्यता निर्धारण गरेर मात्र खरिद गर्नुपर्नेमा वोलपत्रदाताको योग्यतानै निर्धारण नगरी निम्नानुसारको लागत अनुमान भएको खरिद कार्य टुक्रा टुक्रा वोलपत्र मार्फत खरिद गरेको छ ।

| सि.न | ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान( मु.अ कर समेत) |
|---|---|---|---|
| १. | १४/०७५/७६ | बसपार्क टर्मिनल आर.सि.सि | ९७९६५३०.४२ |
| २. | १५/०७५/७६ | बसपार्क पहुँच रोड आर.सि.सि | ९७७९३६६.६३ |
| ३. | १६/०७५/७६ | बसपार्क टर्मिनल आर.सि.सि | ९८०३११४.९२ |
| | | **जम्मा** | **२९३७९०११.९७** |

३३. **समयावधी :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(३) मा लागत अनुमान तयार गर्दा सार्वजनिक निकायले मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि किटान गर्नु पर्नेछ भन्ने व्यवस्था छ । यस उपमहानगरपलिकाले योजना कार्यान्वयनका लागि तयार गरेको लागत अनुमानको परिक्षण गर्दा योजना कार्यान्वयन गर्न लाग्ने समयको अनुमान गरेको छैन । योजनाको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सको अधिनमा रही समय समेत खुलाउनु पर्दछ ।

३४. **वोलपत्र छनौटमा ढिलाई :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८४(८) मा सिलवन्दी दरभाउपत्र पेस गर्ने अन्तिम समय सकिएको लगत्तै सार्वजनिक निकायले सिलवन्दी दरभाउपत्र आह्वानको सूचनामा तोकिएको स्थानमा सम्भव भएसम्म सिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा सिलवन्दी दरभाउपत्र खोल्नु पर्नेछ भन्ने व्यवस्था छ । साथै उपनियम १० मा उपनियम ८ बमोजिम सिलवन्दी दरभाउपत्र खोलेको मितिबाट १५ दिनभित्र सार्वजनिक निकायले ऐनको दफा ४० को उपदफा ५ बमोजिम सिलवन्दी दरभाउपत्र स्वीकृत गर्नुपर्ने र सोको जानकारी सवै सिलवन्दी दरभाउपत्रदातालाई दिनुपर्छ भन्ने व्यवस्था छ ।

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| | उपनियम ११ मा सिलवन्दी दरभाउपत्र स्वीकृत भएको ७ दिन भित्र सार्वजनिक निकायले सम्वन्धित दरभाउपत्रदातालाई खरिद सम्झौता गर्न आउन सूचना दिनुपर्ने व्यवस्था छ । यस उपमहानगरपालिकाले निम्नानुसारको खरिद कार्य सिलवन्दी दरभाउपत्र मार्फत गरेकोमा सिलवन्दी दरभाउपत्र खोलेको १५ दिन भित्र स्वीकृत गरेको देखिएन । तोकिएको समायवधि भित्र स्वीकृत नगरेको कारणले निम्नानुसारका योजनाको यसवर्ष कुनै प्रगति नभएको तथा म्याद थप गर्नुपरेको देखिन्छ । | |

| सि.न | ठेक्का नम्बर | शिलवन्दी दरभाउपत्र खोलेको मिति | संझौता मिति | संझौता रकम |
|---|---|---|---|---|
| १. | ४६/०७५/७६ | २०७६/१/१५ | २०७६/३/८ | ६५६८६०.५५ |
| २. | १२/०७५/७६ | २०७५/१२/१० | २०७६/१/२५ | १९४६६३०.४१ |
| ३. | २३/०७५/७६ | २०७५/१/८ | २०७६/३/१ | ९६३९४६.५० |
| ४. | ११/०७५/७६ | २०७५/१०/२२ | २०७५/१२/१७ | ९४५३४१.३९ |
| ५. | ४५/०७५/७६ | २०७६/१/१६ | २०७६/३/४ | ६६५९६२.४३ |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| ३५. | **त्रुटीपूर्ण शिलवन्दी दरभाउपत्र :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४०(२) मा सिलवन्दी दरभाउपत्र माग गर्नुअघि खरिद गर्ने मालसामान निर्माण कार्य वा अन्य सेवाको स्पेशिफिकेशन गुणस्तर परिमाण आपूर्तिका सर्तहरु र समय तथा अन्य आवश्यक कुराहरुको विवरण स्पष्ट रुपमा उल्लेख गरी सिलवन्दी दरभाउपत्रको फारम तयार गर्नुपर्ने तथा सोही ऐनको नियमावली,२०६४ को नियम ८४(५) मा दरभाउपत्रको फारममा सम्वन्धित सार्वजनिक निकायको प्रमुख वा निजले तोकेको कर्मचारीको दस्तखत भई छाप लागेको हुनुपर्नेछ भन्ने व्यवस्था छ । कार्यालयले १२ नम्बर वडाको सिमाना हुँदै भेदा चौधरीको घर हुँदै भूस्कल्वा सम्मको कालोपत्रे कार्यको लागि रु ८६१७७०।९७ ( भ्याट वाहेक) लागत अनुमान तयार गरी २०७५।११।२९ मा सुचना प्रकाशन गरी आव्हान गरेको शिलवन्दी दरभाउपत्रको BOQ मा आइटम नम्बर २.१० मा Providing, mixing, laying, compactioning machine mixed concrete को काम हुनु पर्नेमा आइटम नम्बर २.१ को काम दोहोरो परेकोले वोलपत्र मुल्यांकनमा समस्या भएको भनि दोश्रो पटक शिलवन्दी दरभाउपत्र आव्हान भएको छ । दोश्रो पटक शिलवन्दी दरभाउपत्र आव्हान गरेकोले यस वर्ष काम सम्पन्न हुन सकेको छैन । यस तर्फ सुधार हुनु पर्दछ । | |
| ३६. | **बोल्डर खरिद :** भौ.न २९२।२०७५।११।१७ सार्वजनिक खरिद ऐन,२०६३ को दफा ३ मा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने व्यवस्था छ । कार्यालयले आवश्यकता पहिचान वेगरै ४४२.३७ क्यू.मि बोल्डर खरिदका लागि शिलवन्दी दरभाउपत्र माग गरेकोमा पेश भएका ३ वटा दरभाउपत्र मध्ये सौरभ कन्स्ट्रक्सनको दरभाउपत्र मात्रै प्रभावग्राही रहेको अवस्थामा निजलाई छनौट गरी रु ९९५९०६।४१ को ४४२.३७ क्यू.मि बोल्डर खरिद गरेको तथा सोको प्रयोग र हालको अवस्था खुल्ने अभिलेख नरहेकोले खरिद कार्य नियमसंगत नदेखिएको रु | ९९५९०६.४१ |
| ३७. | **खनार चौक देखि वुढीखोला कालोपत्रे निर्माण कार्य :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २५ मा वोलपत्र अस्वीकार गर्नु नपर्ने गरी प्राविधिक स्पेसिफिकेसन, विवरण विशेषता आदि जस्ता कुराहरुमा सानातिना फरक पाइएमा सम्भव भएसम्म सोको मुल्य निकाली त्यस्तो मूल्यसमेत उपदफा १ बमोजिम वोलपत्र मुल्याँकन गर्दा समावेश गर्नुपर्नेछ भन्ने व्यवस्था छ । ठे.न ४७।०७५।७६ को रु २४९३६७१।४२ लागत अनुमान स्वीकृत भएको कार्यका लागि यसै कार्यालयको अन्य वोलपत्रमा सहभागिता जनाएको तथा स्वीकृति भएको वोलपत्रदाता श्री वैष्णुदेवी कन्स्ट्रक्सनले स्वघोषणा पत्र पेश नगरेको तथा बिओक्यू मा स्पष्ट अंकले रकम उल्लेख गरेको अवस्थामा समेत अक्षरमा नलेखेको भनि अस्वीकृत गरी निजले कवोल गरेको भन्दा रु २६८९०६।०१ (भ्याट समेत) वढी रकमको सिटौला निर्माण सेवाको वोलपत्र स्वीकृत गरेको छ । कार्यालयले अन्य ठेक्का प्रदान गरेको वोलपत्रदाताको न्यून कवोल अंक रहेको अवस्थामा स्वघोषणा पत्र नभएकै आधारमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २३(४) बमोजिम आवश्यक जानकारी माग समेत नगरी वढी कबोल अंकको वोलपत्र स्वीकृत गरी रु २६८९०६।०१ वढी व्ययभार पारेको देखिन्छ । | |
| ३७.१. | **एउटै कामका लागि फरक सम्झौता:** प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (संञ्चालन) नियमावली,२०७५ को नियम ८ मा कार्यक्रम कार्यान्वयन हुने आयोजनामा सम्वन्धित स्थानीय तहले आफ्नो मिल्दो कार्यक्रमबाट साझेदारी गर्न सक्नेछ भन्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ मा आयोजना स्वीकृत गराउने सम्बन्धी व्यवस्था रहेको छ । स्वीकृत आयोजना कार्यान्वयन गर्नको लागि विस्तृत सर्वेक्षण, ड्रइङ्ग, डिजाइन, लागत अनुमान र सो अनुसार वार्षिक कार्यक्रम निश्चित गरी सोही आधारमा वार्षिक बजेट तर्जुमा गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले सडक योजनाको विस्तृत आयोजना प्रतिवेदन (DPR) स्वीकृत गरी सोही अनुसार निर्माण हुने सडक खण्डको चेनेज नम्बर समेत उल्लेख गरी वार्षिक कार्यक्रम तर्जुमा गरी खरिद सम्झौता गर्नु पर्नेमा निर्वाचन क्षेत्र विकास कार्यक्रम र यस स्थानीय तहको कार्यक्रमसंग मिल्दो खनार चौक देखि वुढी खोलासम्म च्यानेज नम्बर ०+००० देखि ०+३०२ सम्म र खनार चौक देखि लिम्बुटोल हुदै वुढी | |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
| --- | --- | --- |
| | खोला सम्म ०+३०२ देखि ०+४२१ सम्मको योजना सञ्चालन गरेकोमा ठे.न ४७।०७५।७६ मा रु २४९३६७१।४२ र ठे.न ४६।२०७५।७६ मा रु ९९६०८५।११ को लागत अनुमान बनाई अलग अलग ठेक्का मार्फत काम सम्पन्न गरेको छ । एकै किसिमका आयोजना सञ्चालन गर्दा साझेदारी मार्फत काम गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| ३७.२. | **बीमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु.१० लाखभन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले तोकिएबमोजिम बीमा गराउनुपर्ने उल्लेख छ । साथै खरिद सम्झौताको सामान्य तथा विशेष शर्तको सि.नं. १३.१ मा बीमासम्बन्धी व्यवस्था गरिएको देखिन्छ । कार्यालयले निर्माण कार्य गराउंदा निर्माण व्यवसायीले विमा गरेको देखिएन । अत: नियमको पालना हुनु पर्दछ । | |
| ३७.३. | सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (४) मा उपदफा ३ को अवधि भित्र सम्वन्धित वोलपत्रदाताले कार्यसम्पादन जमानत दाखिला गरी दफा ५२ बमोजिमको खरिद सम्झौता गर्नुपर्नेछ । यसरी जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा प्रन्ध्र प्रतिशतसम्म कम अंक कबुल करेमा कबुल अंकको ५ प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा वढी घटेर कवुल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटी कवोल गरेको छ सोको पचास प्रतिशत ले हुन आउने रकम कबुल अंकको ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानतवापत दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी दाखिला गरेको कार्य सम्पादन जमानतको अवधि त्रुटी सच्याउने अवधिभन्दा १ महिना वढीको हुनुपर्नेमा कार्यालयले खरिद संझौता गर्न आउन लेखेको पत्रमानै १५ प्रतिशत भन्दा जति रकमले घटी कवोल गरेको छ सोको पचास प्रतिशत ले हुन आउने रकमको अवधि कार्य सम्पादन गर्नु पर्ने मिति सम्मको र कबोल अंकको ५ प्रतिशत बराबरको रकमको धरौटी १ वर्ष अवधिको माग गरेको तथा सोही आधारमा संझौता गरेको देखिन्छ । खरिद कार्यमा तोकिएको भन्दा कम रकम र अवधिको कार्यसम्पादन जमानत लिई खरिद संझौता भएको छ । नियमानुसार तोकिएको जमानत रकम दाखिला गर्न लगाउनु पर्दछ । | |
| ३८. | **म्याद थप :**सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६ बमोजिम खरिद सम्झौताको म्याद थप गर्दा सार्वजनिक खरिद नियमावलीको नियम १२०(२) बमोजिम जाँचबुझ गरी मनासिब कारण भएमा म्याद थप गर्न सकिने व्यवस्था गरेको छ । निम्नानुसारका निर्माण कार्य हरुको म्याद थपको निवेदन म्याद सकिनु पूर्वनै पेश नभएको तथा म्याद थपका लागि मौसमि कारण अन्य विभिन्न कारण जस्ता व्यहोरा उल्लेख रहेकोले म्याद थप गर्नुपर्ने आधार स्पष्ट छैन । सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा आपूर्तिकर्ताको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्व निर्धारीत क्षतिपुर्ति सार्वजनिक निकायले लिनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीको कारणबाट निर्माण कार्यमा ढिलाई भएको देखिएको हालसम्म पनि कार्य सम्पन्न नभएकोले प्रतिदिन शुन्य दशमलव शुन्य पाँच प्रतिशतको दरले हुने पूर्वनिर्धारित क्षतिपुर्ति असुल गरी कार्य सम्पन्न गराउनुपर्ने देखिन्छ । | |

| सि.न | ठेक्का नम्बर | वोलपत्र दाता | संझौता रकम | संझौता मिति | सम्पन्न हुनुपर्ने मिति |
| --- | --- | --- | --- | --- | --- |
| १. | ११/०७५/७६ | मनास्लु कन्स्ट्रक्सन | ९४५३४१.३९ | २०७५/१२/१७ | २०७६/३/३१ |
| २. | ४६/०७५/७६ | शिवजी कन्स्ट्रक्सन | ६५६८६०.५५ | २०७६/३/८ | २०७६/३/२५ |
| ३. | २८/०७५/७६ | आर ए आर कन्स्ट्रक्सन | १८६७७४८.१८ | २०७६/३/२ | २०७६/३/२५ |
| ४. | १५/०७५/७६ | जालपसिद्ध निर्माण सेवा | ६४६७४२७.९३ | २०७५/१२/२७ | २०७६/३/१६ |
| ५. | १२/०७५/७६ | शिवजी कन्स्ट्रक्सन | १९४६६४१.७१ | ०७६/१/२५ | ०७६/३/१५ |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
| --- | --- | --- |
| ३९. | सार्वजनिक उपयोगका खाने पानी पाइप,विद्युत पोल र तारहरु, टेलीफोन तार र खम्वाहरु स्थानान्तरणको लागि प्रोभिजनल सममा रकम राख्नुपर्नेमा यस उपमहानगरपालिकाले ठेक्का नम्बर ११।०७५।७६ को बि.ओ.क्यू मा विजुलीको पोल सार्ने काम लमसममा राखेको छ । लागत अनुमान रु ३००००।०० रहेको लमसम रकममा वोलपत्रदाताले कवोल गरेको अंकको आधारमा प्रथम रनिङ्ग विलमा तिन विजुलीको तार सहित पोल सारेको रु ५१०००।०० भुक्तानी गरेको छ । प्रोभिजनल सम अन्तरगत रहनुपर्ने रकमलाई लमसममा राखि वोलपत्रदाताले विड गरेको रकमको आधारमा विद्युत् प्राधिकरणको विल भरपाई वेगरै भुक्तानी गरेको असुल गर्नुपर्ने देखिएको रु | ५१०००.०० |
| ४०. | **निर्माण स्थलको व्यवस्था:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माणस्थलको व्यवस्था नभई निर्माण कार्यको खरिद कारवाही शुरु गर्नु हुँदैन भन्ने व्यवस्था रहेको छ । त्यस्तै सोही नियमावलीको नियम ५१ मा बोलपत्र तयार गर्न र खरिद सम्झौता गर्न आवश्यक सूचना प्राप्त गर्न बोलपत्रदाता आँफै वा निजको कर्मचारी वा एजेन्टलाई आफ्नै खर्चमा सम्भावित जोखिम प्रति आँफै उत्तरदायी | |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
| --- | --- | --- |
| | हुने गरी निर्माण स्थलको भ्रमण गर्न गराउन सक्ने व्यवस्था रहेको छ । कार्यालयले वडा नम्बर १३ नहर देखि मदन आश्रित प्रा .वि हुदै शिव मन्दिर छेउ नहरसम्म नाला निर्माण कालागि रु ९९९७०३।१९ (भ्याट सहित) लागत अनुमान तयार गरी २०७६।७२९ सम्मको अवधि दिई खरिद सम्झौता गरेकोमा खरिद कारवाही शुरु गर्नु अघि निर्माणस्थलको व्यवस्था नगरेको तथा निर्माण व्यवसायीले समेत निर्माणस्थलको अवस्था एकीन नगरेको कारणले गर्दा खरिद सम्झौता भएपछि निर्माणस्थलमा सार्वजनिक बाटोको सम्वन्धमा विवाद भएको भनी निर्माण कार्य तोकिएको समयमा शुरु तथा सम्पन्न हुन नसकी सोही कारणले खरिद सम्झौताको म्याद थप गर्नु पर्ने अवस्था सिर्जना भएको देखिन्छ । अतः निर्माण स्थलको व्यवस्था वेगर खरिद कारवाही अगाडि बढाउने प्रकृयामा सुधार हुनु पर्दछ । | |
| ४१. | **खरिद सम्झौता कार्यान्वयन:** सार्वजनिक खरिद ऐन, २०६३ को परिच्छेद ७ मा खरिद सम्झौता सम्त्रन्धी व्यवस्था रहेको छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सम्झौता कार्यान्वियन सम्वन्धी व्यवस्था रहेको छ । कार्यालय र निर्माण व्यवसायीविच भएको खरिद सम्झौतामा समेत खरिद सम्झौता कार्यान्वयन सम्बन्धी प्रावधानहरु राखिएका छन । कार्यालयले खरिद सम्झौता कार्यान्वयनको सिलसिलामा देहायका विषयमा पर्याप्त ध्यान दिएको पाइएनः | |
| ४१.१. | बोलपत्र प्रस्तावमा उल्लेख भएका जनशक्ति एवं उपकरणहरुको प्रयोग गरेको, सम्झौतामा उल्लेख भएको मितिभित्र कार्य आरम्भ गरेको कार्य सम्पादन गर्न भएका बाधा व्यवधानहरुको अग्रिम जानकारी लिएको, भेरिएशन आदेश जारी गर्दा म्याद थप आवश्यक हुने नहुने उल्लेख नगर्ने र आवश्यक नहुने उल्लेख भएपनि सोही कारणले म्याद थप दिने गरेको, निर्माण व्यवसायीले म्याद समाप्त हुनुभन्दा ७ दिन अघि म्याद थप माग गरेको भएपनि २१ दिनभित्र निर्णय गरेको, मासिक रुपमा भुक्तानी मा (Payment certificate) गरेको, प्राप्त विल दर्ता गरी ३० दिनभित्र भुक्तानी गरेको, सम्झौतामा उल्लेख भएको अवधिमा काम शुरु नगरेको, कार्य सम्पन्न नगरी छाडेको, कार्यतालिका अनुरुप प्रगति नगरेकोमा निर्माण व्यवसायीलाई कालो सूचीमा राख्ने एवं खरिद सम्झौता अन्त्य गर्ने प्रकृया अगाडि नबढाएको, | |
| ४२. | **सांस्कृतिक भवन तर्फः** कार्यालय हाता भित्र रहेको सांस्कृति भवन मर्मत संभार गरि कार्यालय व्यवस्थापन गर्नको लागि रु ११०४३७६१।७४ को लागत अनुमान तयार गरी वोलपत्र मार्फत २०७५।७।१० मा संझौता गरी २०७५।१०।१० भित्र काम सम्पन्न गर्ने गरी रु ८१६५०८७।२४ मा संझौता गरेकामा २०७६ असारमा मात्र काम सम्पन्न भएको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन् | |
| ४२.१. | स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २७ मा नक्सा पास नगराई भवन निमार्ण गर्न नहुने व्यवस्था छ । उपमहानगरपालिकाले आफ्नै हाता भिको पुरानो साँस्कृतिक भवन मा तला थप गर्दा नक्सा पास गरेको तथा भवनको भार क्षमता विष्लेशण गरेको छैन । भार क्षमता विष्लेशण र नक्सा पास वेगरै निर्माण कार्य हुँदा भवन सुरक्षित नरहने तथा निर्माण कार्यले थप जोखिम निम्त्याउन सक्ने देखिएको छ । | |
| ४२.२. | भवन निर्माणका लागि स्वीकृत वार्षिक कार्यक्रममा रु १ करोड मात्र विनियोजन भएको तथा लागत अनुमान विनियोजित बजेट भन्दा वढी रहेको अवस्थामा समेत वोलपत्र बजेट भन्दा कम रकमको कबोल हुने अनुमानका आधारमा र वढी परेको अवस्थामा विभिन्न चालु खर्चबाट रकमान्तर गरेर भुक्तानी गर्ने गरी लागत अनुमान तथा वोलपत्र आव्हानको सुचना प्रकाशनका लागि स्वीकृत भएको छ । बजेट व्यवस्था वेगर वोलपत्र आव्हान गर्ने परिपाटीमा नियन्त्रण हुनु जरुरी छ । | |
| ४२.३. | यथेष्ट पूर्व तयारी वेगर वोलपत्र आव्हान गरेकोले ई विडिंग मार्फत पनि वोलपत्र पेश गर्न सकिने जानकारी पछि थप भएको तथा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सुचना प्रकाशन गर्नुपर्नेमा स्थानीय पूर्वी बजार पत्रिकामा सुचना प्रकाशन गरेको छ । राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सुचना प्रकाशन नहुने तथा सुचनामा खुलाउनु पर्ने कुराहरु एकै पटकको सूचनामा प्रकाशन नगर्दा वोलपत्रमा न्यून प्रतिस्पर्धा हुन सक्ने देखिन्छ । जसको कारणले खरिद प्रक्रिया प्रभावकारी तथा पारदर्शी नहुन सक्ने देखिन्छ । | |
| ४२.४. | मुल्यांकन समितिले न्यून कवोलकर्ताको जानकारी सम्वन्धमा सिफारिश पश्चात १२ दिन पछि सुचना प्रकाशन गरेको तथा ७ दिने सुचनाको म्याद सकिएको ५ दिन पछि मात्र सम्झौता गरेको छ । मुल्यांकन समितिको सिफारिश पश्चात तुरुन्त सुचना प्रकाशन र संझौताको प्रकृया अगाडी वढाउनु पर्नेमा सो गरेको देखिएन । | |
| ४२.५. | सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ (४) मा उपदफा ३ को अवधि भित्र सम्वन्धित वोलपत्रदाताले कार्यसम्पादन जमानत दाखिला गरी दफा ५२ बमोजिमको खरिद सम्झौता गर्नुपर्नेछ । यसरी जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा प्रन्ध्र प्रतिसतसम्म कम अंक कबुल गरेमा कबुल अंकको ५ प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशत भन्दा वढी घटेर कवुल गरेको अवस्थामा १५ प्रतिशत भन्दा जति रकमले घटी | |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| | कवुल गरेको छ सोको पचास प्रतिशत ले हुन आउने रकम कबुल अंकको ५ प्रतिशतमा थप गरी कार्यसम्पादन जमानतवापत दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी दाखिला गरेको कार्य सम्पादन जमानतको अवधि त्रुटी सच्याउने अवधिभन्दा १ महिना वढीको हुनुपर्ने व्यवस्था विपरित रु ८६००००।०० को मात्र कार्यसम्पादन जमानत लिई खरिद संझौता भएको छ । | |
| ४२.६. | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा काबुबाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदनबमोजिम अधिकार प्राप्त अधिकारीको तोकिएको आधारमा अवधि वढाउन सक्नेछ भन्ने व्यवस्था छ । कार्यालयले सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२०(२) अनुसार आवश्यक जाँचबुझ वेगर नै म्याद थप गरेको छ । संझौता गरेको ३ महिना भित्र काम सम्पन्न हुनुपर्नेमा सो अवधि भित्र काम सम्पन्न हुन नसकेकोमा म्याद थपको निवेदन पेश गरेको समेत देखिदैन । म्याद थप गर्दा लागत अनुमानमा तोकिएको आल्यूमुनियम बजारमा नपाइएको तथा सामान ल्याएर राख्ने ठाउँ नभएको तथा कार्यालय समयमा काम गर्न गाह्रो भएको आधारमा दुई पटक म्याद थप गरेको छ । शुरु संझौतामा तोकिएबमोजिम कार्यतालिका पेश गरी सो बमोजिम काम गरेको नदेखिएकोले पूर्वनिर्धारित क्षतिपूर्ति नलिने गरी भएको म्याद थप मनासिब देखिदैन । | |
| ४२.७. | सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५क(२) मा दफा ४ बमोजिमको विवरण र दफा ५ बमोजिमको लागत अनुमान तोकिएबमोजिमको विशेष कारण गरी संशोधन गर्नुपरेमा वाहेक एकपटक स्वीकृत भएको डिजाइन वा लागत अनुमानमा संशोधन गर्नुपर्दा त्यस्तो संशोधन सुरुको लागत अंकमा पच्चीस प्रतिशतभन्दा वढी फरक परेमा वा त्रुटिपूर्ण डिजाइन गरेको वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाइन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानूनबमोजिम कारवाहीको भागीदार हुनेछ भन्ने व्यवस्था छ । शूरु लागत अनुमानमा आल्यूमुनियमको स्लाईडिंग ढोका (Aluminium Natural anodised 101mm*45mm*1.5mm glass 9mm laminated) र आल्यूमुनियमको भेन्टिलेसन वेगरको स्लाईडिंग झ्याल (Aluminium Natural anodised 101mm*38mm*1.5mm glass 5mm clear) 101.6mm सेरिजको हुनुपर्ने उल्लेख गरेको छ । जुन सामान बजारमा उपलब्ध नहुने तथा फ्याक्ट्रिमा नै उत्पादनको आदेश दिनुपर्ने स्पेशिफिकेशन भएकोले लागत अनुमानमा तोकिएको स्पेशिफिकेशन अनुसारको सिसाको कारणले खरिद प्रकृया ढिला हुने जनाई भेरियशन आदेश स्वीकृति गरेको छ । पाँचौ रनिंग विल सम्मको भुक्तानीमा आल्यूमुनियमको काम भएको तथा सो वापतको भुक्तानी समेत भएको देखिन्छ । निरीक्षण तथा अनुगमन र नाप जाँचको अभावले स्पेशिफिकेशन अनुसारको सामान बजारमा उपलब्ध नहुने ढिला जानकारीमा आएको तथा समयमा काम सम्पन्न गर्न स्पेशिफिकेशननै परिवर्तन गरेको छ । लागत अनुमानमा शतर्कता नअपनाउदा अस्वाभाविक लागत अनुमान तयार भएको तथा सोही कारणले खरिद प्रकृया प्रभावित हुने भई पहिलोपटक १४.१९ प्रतिशत र दोश्रो पटक ८.६५ प्रतिशत फरक काम भई भेरियशन आदेश स्वीकृत गर्नु परेको देखिएकोले लागत अनुमान तयारी, जाँच तथा स्वीकृती गर्दा ध्यान दिनु पर्दछ । | |
| ४२.८. | GCC56.1 मा एज विल्ट नक्सा काम सम्पन्न भएको ३० दिन भित्र पेश गर्नुपर्ने तथा GCC56.2 मा एज विल्ट नक्सा पेश नभएसम्म रु २०००००।०० भुक्तानी नहुने व्यवस्था छ । कार्य सम्पन्न भई अन्तिम भुक्तानी भएकोमा हालसम्म पनि एज विल्ट नक्सा पेश नगरेकोले संझौतानुसारको रु २०००००।०० भुक्तानी हुनुनपर्ने रकम भुक्तानी भएको देखिएकोले यथाशिघ्र एज विल्ट नक्सा पेश हुनुपर्ने अन्यथा वढी भुक्तानी असुल गर्नुपर्ने रु | २०००००.०० |
| ४२.९. | **ठेक्का फाइल व्यवस्थापन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने तथा सो फाइलमा उपदफा २ बमोजिमका कागजात राख्नुपर्ने व्यवस्था छ । यस कार्यालयले खरिद सम्वन्धि कागजात ( Bidding document) अनलाईनमानै रहेको भनि संझौता पत्र र SCC को शर्त A, B, C र E मात्र रहेको २ पाना तथा BOQ मात्र ठेक्का फाइलमा राखेको छ । नियमावलीमा व्यवस्था भए बमोजिमका कागजातहरु सहितको फाइल खडा गरी राख्नु पर्दछ । | |
| ४३. | **मौजुदा सूची :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ६क मा प्रत्येक सार्वजनिक निकायले दफा ३० को उपदफा ६ दफा ४१ को उपदफा १ को खण्ड क र दफा ४६ बमोजिम गरिने खरिदको लागि खरिदको लागि खरिदको प्रकृति अनुसार आपूर्तिकर्ता निर्माण व्यवसायी परामर्शदाता गैर सरकारी संस्था वा सेवा प्रदायकको दफा १० को उपदफा २ बमोजिमको योग्यताको आधारमा छुट्टा छुट्टै सूची तयार गर्नुपर्ने तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५(४) मा एक लाख रुपैयाँ भन्दा वढी रकमको सोझै खरिद गर्दा मौज्दात सूचीमा रहेका कम्तीमा ३ वटा आपूर्तिकर्ता निर्माण व्यवसायी परामर्शदाता वा सेवा प्रदायकबाट लिखित रुपमा | |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| | दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयले निम्नानुसारको सोझै खरिद गर्दा लागत अनुमान तयार नगरेको , मौज्दात सूचीमा रहेकासंग दरभाउपत्र माग नगरेको, प्राप्त दरभाउपत्रहरु कार्यालयमा दर्ता नगरेको देखिन्छ । नियमानुसार सुचिकृत फर्महरुबाट दरभाउपत्र माग गरी खरिद गर्नु पर्दछ । | |

| सि.न | भौ.न र मिति | फर्मको नाम | रकम |
|---|---|---|---|
| १. | ३७३/०७५/७/१६ | मनकामना एडभरटाइजिंग प्रा.लि | २८२५००.०० |
| २. | ३८८/०७५/७/१९ | कञ्चन वहुउद्देश्यीय कम्पनी प्रा.लि | २२२३८९.०० |
| ३. | ५३७/०७५/९/१३ | आशुतोष निर्माण सेवा | १५९६१२.०० |
| ४. | १५३०/०७६/१/३० | अर्थोमेड सप्लायर्स | १९९८००.०० |
| ५. | २१९३/०७६/३/२८ | हिमचुली अफसेट प्रेस | १५५९४०.०० |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| ४४. | **सोझै खरिद :** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८(२) मा यो ऐन र यस ऐन अन्तरगत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा टुक्रा पारि खरिद गर्नु हुदैन भन्ने व्यवस्था छ । साथै नियमावली,२०६४ को नियम ८५(१ख) उपनियम १२ (१क) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा वढी रकमको वा एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट एक पटक भन्दा वढी सोझै खरिद गर्नु सकिने छैन भन्ने व्यवस्था छ । नियमावलीको व्यवस्था विपरित यस वर्ष यस कार्यालयले निम्नानुसारका फर्महरुबाट पटक पटक सोझै खरिद गरेको नियमित नदेखिएको रु | ६३७७८५१.०० |

| सि.न | भौ.न र मिति | फर्मको नाम | काम | रकम |
|---|---|---|---|---|
| १. | ११०/२०७५/०७/२५ | ho ah<_ujnL lgdf{)f ;]jf ;'g;<L | 16 g j*fsf] ejg dd{t sfo{sf] | 350310.00 |
| २. | ११४/२०७५/०७/२५ | | 6 g_= j*fdf cf< l; l; (n lgdf{)f sfo{sf] | 378462.00 |
| ३. | १२३६/२०७६/०३/१२ | | sfdsf] ljj<)f gv'nfO | 80976.00 |
| ४. | ११९०/२०७६/०३/०९ | dl^o}t lgdf{)f ;]jf | j*f g_= 16 d'(f vf]nf xlb{of ;'s'df<L ^f]n gbL lgoGq)f | 484312.00 |
| ५. | १२२६/२०७६/०३/१२ | | j*f g_= 18 xf]qmfxf vf]nf kr?vL jfFw gbL lgoGq)f | 484147.00 |
| ६. | १२७०/२०७६/०३/१८ | s'zn lgdf{)f ;]jf | sfdsf] ljj<)f gv'nfO | 45404.00 |
| ७. | ११२/२०७५/०७/२५ | | j*f g_= 16 df jly{Ë ;]G^< lgdf{)f | 418799.00 |
| ८. | ११३/२०७५/०७/२५ | | j*f g_= 7 sf] k\|f]^S;gjfn lgdf{)f sfo{sf] | 449193.00 |
| ९. | ३३१/२०७५/०६/१८ | lzjhL sG:^«S;g | O^x<L rf]ssf] <]lnË dd{t tyf <_u<f]ug sfo{sf] | 477425.00 |
| १०. | ३२/२०७५/०६/०१ | | tfntn}of cuf*L k'n ;<_If)f sfo{sf] | 286318.00 |
| ११. | १०९/२०७५/०७/२५ | | j*f g_= 17 sf] ;f}rfno lgdf{)f sfo{sf] | 297962.00 |
| १२. | १२३६/२०७६/०३/१३ | | sfdsf] ljj<)f gv'nfO | 12452.00 |
| १३. | ११०६/२०७५/११/२९ | गोविन्द फ्लोरिङ्ग एण्ड फर्निसिङ्ग इटहरी | फर्निचर खरिद | 55370.00 |
| १४. | ११३१/२०७५/१२/०१ | | फर्निचर खरिद | 42397.00 |
| १५. | ३२८/२०७५/११/२३ | | फर्निचर खरिद | 144294.00 |
| १६. | ३७५/२०७५/११/२९ | | फर्निचर खरिद | 27120.00 |
| १७. | ३८६/२०७५/१२/०१ | | फर्निचर खरिद | 28024.00 |
| १८. | ५५४/२०७५/१२/२० | | फर्निचर खरिद | 73450.0 |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | | | | वेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | 0 | |
| १९. | ६१०/२०७५/१२/२६ | | फर्निचर खरिद | 98649.00 | |
| २०. | १४२५/२०७६/०१/१७ | | फर्निचर खरिद | 304761.00 | |
| २१. | ३२८/२०७५/११/२३ | ए. वि. फर्निचर उधोग | फर्निचर खरिद | 161590.00 | |
| २२. | ३९४/२०७५/१२/०१ | | फर्निचर खरिद | 70060.00 | |
| २३. | ९६७/२०७६/०२/१२ | | फर्निचर खरिद | 539010.00 | |
| २४. | १३५४/२०७६/०३/२५ | | फर्निचर खरिद | 56000.00 | |
| २५. | १०७८/०७५/११/२७ | एस.एण्ड एस.ट्रेडीङ | अग्नि नियन्त्रण यन्त्र | ३९०५२८.०० | |
| २६. | ११९३/०७५/१२/८ | शीतल इलेक्ट्रीक एण्ड ट्रेडस | इलेक्ट्रीक समान | ४६३१३८.०० | |
| २७. | १३७२/०७६/१/९ | क्लोथ हाउस | क्लाकेट | १५७७००.०० | |
| | | | **hDdf** | **6377851.00** | |

| | | |
|---|---|---|
| ४५. | **सार्वजनिक सूचना :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १३७ मा खरिद सम्झौत सम्पन्न भएको तीन दिनभित्र सो सूचना सम्वन्धित सार्वजनिक निकायले आफ्नो सूचना पाटीमा टाँस गरी जिल्ला विकास समिति, जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालयको सूचना पाटीमा टाँस गर्न लगाउने, आफ्नो वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइटमा राख्ने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । साथै सो सूचनामा वोलपत्र वा परामर्श सेवा मूल्यांकन परिणामको अतिरिक्त वोलपत्र, प्रस्ताव वा सिलवन्दी दरभाउपत्रसम्वन्धी सूचना प्रकाशन भएको मिति समाचारपत्रको नाम, सूचना संख्या, खरिदको विषय, संभौता गर्ने वोलपत्रदाता, प्रस्तावदाता वा सिलवन्दी दरभाउपत्रदाताको नाम र ठेगाना तथा सम्झौताको मुल्य खुलाउनु पर्ने व्यवस्था छ । यस कार्यालयले खरिद सम्झौता सम्पन्न भएका कामहरुको सम्वन्धमा तोकिएका विवरणहरु खुलाई सार्वजनिक सूचना प्रकाशन गरेको छैन । खरिद कार्यको सार्वजनिक सूचना प्रकाशन गरी खरिद कार्यलाई पारदर्शि बनाउनु पर्दछ । | |
| ४६. | **कार्य सम्पन्न प्रतिवेदन र त्रुटि सच्याउने अवधिः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि सार्वजनिक निकायका प्रमुखले त्यस्तो निर्माण कार्य स्वीकृत ड्इङ, डिजाइन वा स्पेशीफिकेशन बमोजिम भए नभएको कुरा प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने र त्यस्तो प्रतिवेदन बोलपत्र स्वीकृत गर्ने अधिकारी (बोलपत्र स्वीकृत गर्ने अधिकारी र सार्वजनिक निकायको प्रमुख एउटै व्यक्ति भएमा एकतह माथिको अधिकारी) समक्ष पेश गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले राखेको ठेक्का र उपभोक्ता सम्बन्धी विवरणको अध्ययन गर्दा निर्माण कार्य सम्पन्न गरेका खरिद सम्झौताको उक्त प्रावधान अनुरुप कार्य सम्पन्न प्रतिवेदन तयार भएको छैन । | |
| ४७. | **तालिम सञ्चालन :** कार्यालयले वार्षिक कार्यक्रम अनुसार सञ्चालन गर्नुपर्ने जनचेतनामुलक र सीपमुलक तालिम कार्यक्रमहरु गैर सरकारी संस्थाको निवेदन र प्रस्तावका आधारमा निजहरुलाईनै सञ्चालन गर्न दिएको छ । कार्यालयले सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९ विपरित तालिम सञ्चालन गरेकोमा तालिमका सहभागि छनौटको आधार, तालिमको विषयबस्तु वा पाठ्यक्रम, प्रशिक्षकको योग्यता, खर्चको नम्स तयार गरेको छैन । तालिम सञ्चालनको जिम्मा पाएका संस्थाहरुले विभिन्न व्यक्तिलाई तालिम दिएको भनि खाजा खर्च, खाना खर्च मसलन्द खर्च, यातायात खर्च लगायतका खर्च भुक्तानीको विल भरपाई पेश गरेको आधारमा रकम भुक्तानी गरेको छ । तालिम बापत रकम भुक्तानी गर्दा प्रशिक्षार्थि छनौटको प्रकृया तालिमको विषयवस्तु र पाठ्यक्रम , योग्य प्रशिक्षक र तालिम पश्चात सीपको सदुपयोग र तालिमको उपलव्धता एकिन वेगर खर्च गर्ने गरेको छ । यस तर्फ सुधार हुनु पर्दछ । कार्यालयले सेवा प्रदायक छनौट गरी तालिम प्रदान गरेका फर्मको विवरणहरु निम्नानुसार रहेका छन् । | |

| सि.न | सेवा प्रदायक | तालिम | खर्च रकम |
|---|---|---|---|
| १. | अर्ल इलेक्ट्रोनिक्स एण्ड टेक्निकल इन्स्टिच्युट | ड्राइभिंग | ५०००००.०० |

<table>
<tr><th>सि.न.</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोराहरु</th><th>वेरुजु रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>२.</td><td>स्वरोजगार तालिम केन्द्र</td><td>हाउस वायरिंग</td><td>३०००००.००</td></tr>
<tr><td>३.</td><td>पाथिभरा हिमालय पोलिटेक्निक</td><td>मेशिन तथा कारपेन्ट्री</td><td>३०००००.००</td></tr>
<tr><td>४.</td><td>पाथिभरा हिमालय पोलिटेक्निक</td><td>सिकर्मी डकर्मी</td><td>१५००००.००</td></tr>
<tr><td>५.</td><td>ईष्ट नेपाल टेक्निकल कलेज</td><td>स्कुटर मोटरसाइकल मर्मत</td><td>१५००००.००</td></tr>
<tr><td>६.</td><td>ईष्ट नेपाल टेक्निकल कलेज</td><td>सिसिटिभि, इन्टरकम जडान तथा मर्मत</td><td>१०००००.००</td></tr>
<tr><td>७.</td><td>हाम्रो सीप प्रशिक्षण केन्द्र</td><td>गुडिया र कुशन बनाउने</td><td>२०००००.००</td></tr>
<tr><td>८.</td><td>हाम्रो सीप प्रशिक्षण केन्द्र</td><td>कृष्टल चुरा बनाउने</td><td>१०००००.००</td></tr>
<tr><td>९.</td><td>महिला सीप विकास केन्द्र</td><td>व्यूटिपार्लर</td><td>३०००००.००</td></tr>
<tr><td>१०.</td><td>महिला सीप विकास केन्द्र</td><td>कपडाको व्याग बनाउने</td><td>१०००००.००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>२२०००००.००</td></tr>
</table>
यसरी तालिम प्राप्त सहभागिहरुको सीपको प्रयोगको अवस्था सम्वन्धमा अनुगमन निरिक्षण गरेको तथा तालिम प्राप्तहरुको लगत विवरण कार्यालयले तयार गरेको छैन । वार्षिक रुपमा तालिम प्रदान गर्ने तथा तालिम प्राप्त कर्ताहरुको विवरण नराख्ने र प्राप्त सीपको उपयोगको अनुगमन नगरेकोले कार्यालयले तालिमको लागि गरेको खर्चको उपलव्धी एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षा भत्ता :</td><td></td></tr>
<tr><td>४८.</td><td>उपमहानगरपालिकाले राष्ट्रिय वाणिज्य वैंक इटहरीलाई १२३९ जना लाभग्राहीको रु ७८०१८००।०० भत्ता पठाएकोमा वैंकले १४३६ जना लाभग्राहीलाई रु ७७७०६००।०० रकम वितरण गरी रु ३१२००।०० फिर्ता गरेको छ । नगरले पठाएको लाभग्राही संख्या भन्दा वढी लाभग्राहीलाई रकम वितरण गरेको देखिएको छ । तोकिएको भन्दा १९७ जना वढी लाभग्राहीका सम्वन्धमा अभिलेख विवरण अद्यावधिक हुनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>४९.</td><td>यस उपमहानगरपालिकामा १६ लाभग्राही दोहोरो नाम रहेको भनि उल्लेख भएकोमा दोहोरो नामको सम्वन्धमा वैंक मार्फत खाता नम्वर एकिन गरी दोहोरो भुक्तानी भए नभएको स्पष्ट हुनु पर्दछ । तथा दोहोरो नाम लगत कट्टा गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>चालु तर्फ :</td><td></td></tr>
<tr><td>५०.</td><td>तलवि प्रतिवेदन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ अनुसार कुनै पनि कर्मचारीको तलवि प्रतिवेदन सम्वन्धीत जिल्लाको कोष तथा लेखानियन्त्रक कार्यालयबाट पारित गराई तलब खुवाउने व्यवस्था छ । त्यस्तै दफा७ ख २ अनुसार तलवि प्रतिवेदन पारित नगराई तलब खुवाएमा यस्तो तलब खुवाउने पदाधिकारी वाट असुल गराउनु पर्ने प्रावधान छ । साथै प्रदेश १ प्रदेश सरकारले जारी गरेको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका २०७५ को दफा २० (२) मा सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित नगराई तलब भत्ता खर्च लेख्न पाइने छैन । तलबी प्रतिवेदन पारित नभएको रकम खर्च लेख्ने पदाधिकारीबाट असुल उपर गरिने छ भन्ने व्यवस्था छ । यस उपमहानगरपालिकाले नगरसभाको बजेट पारितसंगै तलबी प्रतिवेदन पारित गरेको निर्णय गरेको भएतापनि कर्मचारीको तलब र ग्रेड तथा ग्रेड वृद्धिहुने महिना सहितको विवरण वेगरै रु. ५३९६१५५२।३० खर्च लेखेको छ । साथै यस कार्यालय अन्तरगत रहेका संघिय सरकारको बजेट शिर्षकबाट तलब खर्च लिने स्वास्थ्य तर्फका कर्मचारीको रु १८४९००००।००, महिला विकास तर्फका कर्मचारीको रु २६०८०००।०० कृषि विकास तर्फका कर्मचारीको रु ३३०००००।०० र पशु सेवा तर्फका कर्मचारीको रु १४१७०००।०० तलब खर्च समेत तलबि प्रतिवेदन पारित वेगरै खर्च लेखेको छ । नियमानुसार प्रतिवेदन पास नगराई खर्च लेख्ने पदाधिकारी जिम्मेवारी नभएको अवस्थमा देखिन्छ । अत: तलबी प्रतिवेदन पारित गरेरमात्र तलब खर्च लेख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५१.</td><td>जनशक्ति व्यवस्थापन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टतालाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा गाउँपालिका वा नगरपालिकालाई विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था छ । ऐन बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरेको तथा उपमहानगरपालिकासंग भएको प्रतिवेदनले पालिकाको आफ्नो कार्यबोझ राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टतालाई ध्यानमा राखी तयार भएको नदेखिएकोले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिने कर्मचारीको दरबन्दीको यथार्थ अवस्था खुल्न सकेको छैन ।</td><td></td></tr>
</table>

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| ५२. | परामर्श सेवा खरिद अन्तरगत कार्यालयले कानुनी सल्लाहाकार र प्रेस सल्लाहाकारलाई मासिक रु ३०५००।०० का दरले वार्षिक रु ७३२०००।०० भुक्तानी गरेको छ। निजलाई भुक्तानी दिँदा सामाजिक सुरक्षा कर मात्र कटाई भुक्तानी गरेकोले परामर्श सेवा खरिदमा लाग्ने १५ प्रतिशत कर काटेको नदेखिएकोले छुट कर असुल दाखिला गर्नुपर्ने रु | १०२४८०.०० |
| ५३. | **इन्धन खर्चको मापदण्ड :** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको किसिम इन्धन मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने,सरकारी सवारी साधन अनधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । यस कार्यालयले पदाधिकारी इन्धन वापत रु २४४४२३८।०० कार्यालय प्रयोजनको लागि रु ४३४१३७४।९९ र अन्य इन्धन खर्च समेत इन्धन तर्फ यस वर्ष रु ६७९२७५२।९९ खर्च गरेकोमा इन्धन खर्चको मापदण्ड तयार गरेको, सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन । इन्धन खर्चलाई मितव्ययी तथा उत्पादनमुखी बनाउन इन्धन खर्च मापदण्ड निर्माण गर्ने तथा इन्धन प्रयोगको व्यवस्थित अभिलेख राख्ने गर्नु पर्दछ । | |
| ५४. | **मर्मत :** यस कार्यालयमा रहेका मेशिनरी औजार तथा सवारी साधनहरु मर्मतका लागि जाँचबुझ तथा सिफारिश गर्न समिति गठन भएको छ । यस वर्ष सवारी साधन मर्मत खर्च रु २३३२३७८.३५ , मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च रु ८२३७७५।०० र अन्य सम्पत्तीहरुको सञ्चालन तथा सम्भार खर्च रु२०६६४०।०० समेत रु ३३६२७९३।३५ खर्च भएको छ । यस खर्चको सम्वन्धमा मर्मत गरीएका सम्पत्तीको विवरण सोको उपयोग मर्मत अवधि र समय अन्तर उपयोगकर्ता सहितको अभिलेख राखेको छैन । सरकारी सम्पत्तिको उच्चतम सदुपयोगको लागि आन्तरिक नियन्त्रण व्यवस्था सहितको अभिलेखंकन गरी अनावश्यक मर्मत कार्यमा नियन्त्रण गर्नु पर्दछ । | |
| ५५. | **घर भाडा :** सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका, २०७५ को नियम २६ तथा सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धी मार्गदर्शन, २०७५ को सि.न १७ मा सरकारी कार्यालयहरुले सकेसम्म व्यापारिक क्षेत्रमा घर वहालमा नलिने न्यूनतम आवश्यकता भन्दा वढी कोठा र सुविधा भएको  घर वहालमा लिनु हुदैन भन्ने व्यवस्था गरेको छ । यस वर्ष कार्यालयले घर भाडा तर्फ रु २६३०८९०।०० खर्च गरेकोमा कार्यालयसंग रहेको घर बहाल अभिलेख अनुसार १२ वटा स्थानका घरहरु वहालमा लिएको र वार्षिक खर्च रु २३५०५२६।०० मात्र रहेको देखिन्छ । कार्यालयले भाडामा लिएको  घरहरुको अभिलेख अनुसारको भाडा भन्दा  रु २८०३६४।०० वढीखर्च गरेको सम्बन्धमा  प्रयोजन र प्रयोगको प्रमाण पेश गर्नुपर्ने रु | २८०३६४.०० |
| ५६. | **भ्रमण खर्चः** गाउँ तथा नगर सभाका सदस्यहरुको  सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ बमोजिम भ्रमण गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य,कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल समेत उल्लेख गर्नु पर्नेछ र भ्रमणबाट फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन समेत पेश गर्नु पर्ने व्यवस्था छ । साथै भ्रमण खर्च नियमावली,२०६४ ले भ्रमण विल साथ भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने तथा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था गरेको छ । यस नगरपालिकाका पदाधिकारी र कर्मचारीहरुको वार्षिक अनुगमन तथा मुल्यांकन र भ्रमण खर्चमा रु २८८२५२२।०० खर्च गरेकोमा  भ्रमणको अभिलेख नराखेको, स्वीकृत भ्रमण आदेशमा  भ्रमणको उद्देश्य,कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल उल्लेख भएको तथा फर्किएको तीन दिनभित्र भ्रमणबाट प्राप्त उपलब्धिको व्यहोरा सहितको भ्रमण प्रतिवेदन पेश भएको छैन । ऐनको व्यवस्था अनुसार भ्रमण आदेशको स्वीकृति गर्ने तथा  भ्रमण प्रतिवेदन पेश गर्नु पर्दछ । | |
| ५७. | गाउँ तथा नगर सभाका सदस्यहरुको  सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ८ (४) मा प्रमुख/अध्यक्षले भ्रमण गर्दा ३ दिन सम्मको भ्रमण आदेश अध्यक्ष/प्रमुखको हकमा स्वयंले स्वीकृत गर्न सक्ने र सो भन्दा वढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको वैठकबाट स्वीकृत वा अनुमोदन गर्नुपर्ने व्यवस्था छ । यस उपमहानगरपालिकाका प्रमुखको निम्नानुसारको भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण आदेश कार्यपालिकाको वैठकबाट स्वीकृत वा अनुमोदन नभएको देखिएको रु | ४३६७८.०० |

| सि.न | भौ.न र मिति | भ्रमण अवधि | भ्रमण गर्ने पदाधिकारी | खर्च रकम |
|---|---|---|---|---|
| १. | ६७/०७५/५/२६ | ०७५/४/८- ४/१५<br>०७५/५/११-५/१७ | नगर प्रमुख द्वारिकालाल चौधरी | ४२६७८.०० |
| २. | ३१०/०७५/६/२६ | ०७५/६/१९-६/२५ | नगर प्रमुख द्वारिकालाल चौधरी | ११०००.०० |

| | | |
|---|---|---|
| ५८. | भ्रमण खर्च नियमावली,२०६४  को नियम १० मा दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी गर्दा २० किलोमिटर | ४२५००.०० |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| | भन्दा वढी दुरी भएको कार्यालयमा खटिई जाँदा मात्र भ्रमण खर्च भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयबाट विराटनगर तथा इनरुवा काजमा खटिएको स्वीकृत भ्रमण आदेशका आधारमा निम्नानुसारका कर्मचारीहरुलाई भ्रमण खर्च भुक्तानी गरेको छ । भ्रमणमा खटिएको स्थानको निकटतम दुरी नगरपालिकाबाट २० किलोमिटर भन्दा कम रहेको अवस्थामा समेत नियमावली विपरितको भ्रमण खर्च भुक्तानी गरेको रु | |

| सि.न | कर्मचारीको नाम | भ्रमण अवधि | भ्रमण स्थान | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | वि.नि सेमन्त गौतम | २०७५/११/२२-११/२८ | विराटनगर | १२०००.०० | एकै भ्रमण आदेशका आधारमा दोहोरो भुक्तानी लिएको |
| २. | वि.नि सेमन्त गौतम | २०७५/११/२२-११/२८ | विराटनगर | १२०००.०० | |
| ३. | स.म.वि.नि शुशिला कार्कि | ०७५/५/१८-५/२० | इनरुवा | २८००.०० | |
| ४. | ना.सु इन्द्र वहादुर चौहान | ०७५/५/२८-५-३१ | इनरुवा | ४०००.०० | |
| ५. | ना.सु इन्द्र वहादुर चौहान | ०७५/६/१९-६/२५ | इनरुवा | ४०००.०० | |
| ६. | जानुका सुवेदी | ०७५/६/१९-६/२५ | विराटनगर | ७७००.०० | |
| | | | **जम्मा** | **४२५००.००** | |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| ५९. | **पदाधिकारीको सुविधा:** गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३(२) मा दफा १ बमोजिम प्राप्त हुने बैठक भत्ता अध्यक्ष /प्रमुख, उपाध्यक्ष/उपप्रमुख,वडाध्यक्ष र कार्यपालिकाका सदस्यले कार्यपालिकाको बैठक,समिती/उपसमिति वा वडा समितिको बैठकमा जतिसुकै पटक सहभागी भए पनि एक महिनामा तीनवटा बैठकको मात्र बैठक भता पाउनेछ भने वडा समितिका सदस्यले जतिसुकै पटक वडा समिति वा कार्यपालिकासंग सम्बन्धित समितिको बैठकमा सहभागी भए पनि दुइ वटा भन्दा बढी बैठक भता पाउने छैन भने व्यवस्था गरिएको छ । यस उपमहानगरपालिकाका २० वडा अध्यक्ष र ३ कार्यपालिकाका सदस्यहरुले वडा समितिको वैठकमा सहभागि भएको अवधिको भत्ता र मासिक कार्यपालिका वैठकको समेत वुझेको देखिएकोले नगर कार्यपालिकाको वैठक र वडा समितिको वैठकमा प्रति वैठक २००० को दरले मासिक २ बैठकको वार्षिक रुपमा वडाध्यक्षको दोहोरो भत्ता रु ९६००००।०० र कार्यपालिका सदस्य ३ जनाको प्रति वैठक रु १००० को दरले मासिक २ वैठकको वार्षिक रुपमा दोहोरो भएको भत्ता ७२०००।०० समेत रु १०३२०००।०० वडाबाट भुक्तानी लिएको असुल गर्नुपर्ने देखिएको रु | १०३२०००.०० |
| ६०. | **भौ.न १३८६।२०७६।१।९** शाखा अधिकृत रेमनाथ दाहालले सेवाकालिन तालिम अवधि २०७५।६।६ देखि २०७५।७।२१ सम्मको भ्रमण खर्च यस कार्यालयबाट भुक्तानी लिएकोमा सोही अवधिको २०७५।७।६ देखि २०७५।७।९ सम्मको भ्रमण खर्च रु ६४००।०० तालिम प्रदायक संस्था ग्रामिण विकास प्रशिक्षण केन्द्र कलवलगुरीले भुक्तानी दिएकोले दोहोरो भ्रमण खर्च भुक्तानी लिएको असुल गर्नुपर्ने देखिएको रु | ६४००.०० |
| ६१. | **छात्रवृत्ति :** भौ.न १४०९।२०७६।१।१५ स्थानीय तहको लागि प्राप्त शैक्षिक कार्यक्रम बजेट तथा कार्यक्रमहरु कार्यान्वयनका लागि सहजिकरण गर्न विद्यालय क्षेत्र विकास कार्यक्रम (स्थानीय, प्रदेश, तह तथा शिक्षा विकास तथा समन्वय इकाई) बाट सम्पादन हुने कार्यक्रमहरु सम्वन्धी कार्यक्रम कार्यान्वयन पुस्तिका २०७५।७६ मा स्थानीय तहले शिक्षा क्षेत्रका लागि अनुदान विद्यालयलाई निकासा दिँदा शिक्षा विकास तथा समन्वय इकाईबाट यकिन गरिएको शैक्षिक तथ्यांक २०७५ का आधारमा निकासा दिने तथा स्थानीय तहमा ससर्त अनुदान शीर्षकमा शैक्षिक तथ्यांक २०७४ का आधारमा दिइएकोले छुट रकम माग गर्न भनिएको छ । यस उपमहानगरपालिकाले छुट रकम माग गरेको देखिदैन । यसरी छुट भई माग गर्नुपर्ने अवस्था नरहेको अवस्थामा उपमहानगपालिकाको चालु शिर्षकबाट विपन्न वर्ग विद्यार्थि छात्रवृत्ती रु ५००००।०० प्रदान गरेको छ । यसरी प्रदान गरेको छात्रवृत्ती रकमको सम्वन्धमा सोही कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार अनुदान प्राप्त विद्यालय व्यवस्थापन समितिले स्थानीय तहको निर्देशन एवम् आधारहरुलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक संघ समेतको सहभागितमा विद्यालयमा उपलव्ध अनुदान (छात्रवृत्ति) मध्येबाट विद्यालय व्यवस्थापन समितिले थप आधारहरु तय गरी छात्रवृत्ति पाउने छात्रछात्राहरुको नामावली सहितको विवरण अद्यावधिक नगरेको, छात्रवृत्ती वितरणको अनुगमन गरी प्रतिवेदन तयार नभएकोले मापदण्ड पुगेका विद्यार्थीहरुले छात्रवृत्ती प्राप्त गरे नगरेको एकिन हुन नसकेको तथा शैक्षिक तथ्यांकका आधारमा छात्रवृत्ती छुट नभएको अवस्थामा समेत छात्रवृत्ति उपलब्ध गराउनु पर्ने कारण नखुलेकोले भरपाई वेगरै छात्रवृत्ती दिनुपर्ने कारण खुलाउनु पर्ने अन्यथा असुल गर्नुपर्ने रु | ५००००.०० |
| ६२. | **वडा कार्यालय सञ्चालन :** आर्थिक वर्ष २०७५/२०७६ नगरसभाको निणर्य अनुसार प्रत्येक वडालाई वार्षिक ५ लाखले नबढने गरी विल पेश गरेको आधारमा रु १००००००।०० खर्च लेखेको छ । इन्धन (कार्यालय प्रयोजन), विविध खर्च, मसलन्द तथा कार्यालय सामाग्री र पदाधिकारी भत्ता शिर्षकमा खर्च गर्ने गरी वडालाई उपलब्ध गराएको रकम सम्वन्धित शिर्षकमा भएको खर्चको विवरण राखेको छैन । यसरी विल आधारमा दिइने रकम | |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| | पेश्की उपलब्ध गराई खर्च गरेको कुल १००००००००।०० रकमबाट अतिथि सत्कार,मसलन्द खर्च,आर्थिक सहायता लगायतका काममा खर्च गरेको देखिन्छ । वडा सचिवलाई मासिक रु ७०० सञ्चार खर्च, पदाधिकारीलाई मासिक विभिन्न शिर्षकमा सुविधा र वैठक वसेवापतको वैठक भत्ता नगरकार्यपालिकाका सदस्यले कार्यालयबाटनै भुक्तानी भएको, वडा कार्यालयहरुमा सवारी साधन नरहेको भाडामा रहेका कार्यालयहरुको मासिक पानी विजुली वत्तीको विल कार्यालयबाटै भुक्तानी हुने गरेको , जिन्सी सामान खरिद गरेको विल भरपाई पेश गरेकोमा वडाको जिन्सी खाता लेखापरीक्षणको क्रममा पेश नभएको अवस्थामा वडा कार्यालयलाई पेश्की मार्फत रकम उपलव्ध गराई खर्च भएको रकम दोहोरो हुन सक्ने देखिन्छ । यस तर्फ कार्यालयले ध्यान दिनु पर्दछ । | |
| ६३. | **खर्च गर्ने अख्तियारी वेगर खर्च :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट स्वीकृत बजेट प्रमुख प्रशासकीय अधिकृतलाई खर्च गर्ने अख्तियारी प्राप्त भएको १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । यस नगरपालिकाले वडाहरुलाई वजेट खर्च गर्ने अख्तियारी दिएको छैन तर वडाले वडागत बजेटको लागि विनियोजित रकमको अधिनमा रही अख्तियारी प्राप्त नभएको अवस्थामा समेत खर्च गरी विलभरपाई पेश गर्ने, खर्च गरी भुक्तानीको लागि सिफारिश गर्ने गरेको छ । अख्तियारी प्राप्त नभएको शिर्षकमा खर्च गरी वा दायित्व सिर्जना गरी रकम भुक्तानी सिफारिश गर्ने प्रवृत्तिमा सुधार हुनु पर्दछ । अख्तियारी प्राप्त नभएको अवस्थामा पूर्व स्वीकृति समेत नलिई खर्च गरेको रकम भुक्तानी गर्ने कार्य बन्द गरीनु पर्दछ । | |
| ६४. | **उपमेयर आत्म निर्भर कार्यक्रम :** यस उपमहानगरपालिकाले सञ्चालन गरेको उपमेयर आत्म निर्भर कार्यक्रम अन्तरगत आर्गनिक खेती र तरकारी खेतीका लागि आर्गनिक कृषि उद्यमी महिला समुहलाई रु ३५००००।०० प्रदान गरेको छ । आर्गनिक र तरकारी खेतीका लागि अनुदान वितरण गरिने सुचना सम्वन्धित समुहलाई प्रदान गरेको, अनुदान प्राप्त गर्न चाहिने कृषकको योग्यता निर्धारण नगरीएको तथा सो अनुदान अन्तरगत गर्नुपर्ने क्रियाकलापको निर्धारण गरेको देखिदैन । कार्यक्रम अन्तरगत सञ्चालन गरिने क्रियाकलाप स्पष्ट नभएको अवस्थामा सार्वजनिक सुचना प्रकाशन वेगरै तरकारी खेती र आर्गनिक खेतीका लागि आर्गनिक कृषि उद्यमी महिलालाई अनुदान प्रदान सम्वन्धी संझौता गरेको छ । अनुदान रकमबाट स्पेशिफिकेशन नखोली रु १३८५३९।०० को मेशिनरी औजार र अन्य सामाग्री खरिद गरेको विल भरपाईका रकम आधारमा भुक्तानी गरेको छ । कार्यक्रम सञ्चालनको कार्यविधि निर्माण गरी , प्रतिस्पर्धात्मक तरिकाले कृषक छनौट मार्फत तोकिएका क्रियाकलाप सञ्चालन गर्ने गरी अनुदान प्रदान गर्ने तर्फ ध्यान दिनु पर्दछ । अनुदान प्रदान पश्चात सोको नियमित अनुगमन र सोको उपयोग र प्रतिफलको अभिलेख समेत हुनु पर्दछ । | |
| ६५. | **कार्यक्रमगत खाता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२ (२)(३) मा बार्षिक कार्यक्रम र खर्च गर्ने अख्तियारी प्राप्त गरी बार्षिक कार्यक्रम सञ्चालन गर्ने रकम निकासा माग गरी खर्च गर्नुपर्ने व्यवस्था छ । स्वीकृत कार्यक्रम अनुसार कार्यालयद्वारा सञ्चालन गरिने कार्यक्रमहरु सञ्चालनका लागि बजेट व्यवस्था भै चौमासिक रुपमा सञ्चालन हुने कार्यक्रमको बजेट, खर्च देखिने अभिलेख कार्यक्रमगत राखेको पाईएन । कार्यक्रमगत खाता राखेमा कार्यक्रमको बार्षिक बजेट, कार्यक्रममा खर्च र कार्यक्रम बजेटको अवधारणा अनुसार स्वीकृत बजेट भन्दा बढी खर्च नहुने र कार्यक्रमको प्रभावकारीता र उपलव्धीको मापन समेत यकीन गर्न सकिने हुँदा कार्यक्रमगत खाता व्यवस्थितरुपमा राख्नेतर्फ ध्यान जानुपर्ने देखिन्छ । | |
| ६६. | भौ.न २१४९।२०७५।३।२६ वडा १४ का वडा सचिव रमाकान्त चौधरीलाई तारजाली तथा वृक्षारोपण कार्यको लागि रु १५७८७४।७० भुक्तानी दिएकोमा वृक्षा रोपण गरेको स्थान, विरुवाको संख्या, प्रयोग भएको तारजालिको विवरण सहितको कार्यसम्पन्न प्रतिवेदन वेगरै विल भरपाईका आधारमा खर्च लेखेको अनियमित देखिएको रु | १५७८७४.७० |
| ६७. | भौ.न १७५।२०७५।१०।७ वडा ६ का वडा सचिव उत्तम कुमार खतिवडाले रु ९६७४५।०० को विरुवा खरिद गरि वृक्षारोपण गरेको विल भरपाई पेश गरेको आधारमा भुक्तानी गरेको छ । सो रकमले कति प्रकारका कति परीमाणका विरुवा खरिद गरेको हो सोको रोपण कार्य गरेको स्थान समेत खुल्ने प्रमाण कागजात पेश नभएको रु | ९६७४५.०० |
| ६८. | **भौ.न ११७६।२०७६।३।६** वडा सचिव उमेश कुमार मेहताले वडा १७ का विभिन्न स्थानमा सडक वत्ति जडान गरेको विल भरपाई पेश गरी रु ५१३८५।०० भुक्तानी लिएको देखिन्छ । निजले खरिद गरेको वत्ति र एसेसरीजहरुको परिमाण सोको जिन्सी दाखिला तथा जडान गरेको स्थानको व्यहोरा खुलाई अभिलेख राखेको देखिएन । खर्चको विल पेश गरेको आधारमा भुक्तानी दिएको अनियमित देखिएको रु | ५१३८५.०० |
| ६९. | भौ.न ११०९।२०७५।११।२९ लेखापाल जानुका सुवेदीलाई संञ्चार सुविधाबापत रु ५०००।०० भुक्तानी दिएकोमा थप सुविधा प्रदान गर्नुको आधार तथा प्रमाण पेश नभएको रु | ५०००.०० |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| ६९.१. | आयकर ऐन, २०५८ को दफा ८८ अनुसार भत्ता वितरणमा १५ प्रतिशत स्रोतमा कर कट्टि गर्नुपर्ने व्यवस्था छ। निम्नानुसारका कार्यक्रम सञ्चालन गर्दा भुक्तानी भएको भत्ता वितरणमा स्रोतमा कर कट्टि नगरेको रु | ३३६९७.९४ |

| सि.न | भौ.न र मिति | विवरण | भुक्तानी रकम | छुट कर कट्टि रकम |
|---|---|---|---|---|
| १. | १३५८/०७६/१/८ | ड्राइभिंग तालिम भत्ता | १४७००.०० | २२०५.०० |
| २. | १४०९/०७६/१/१५ | अपांग विकास कार्यक्रम भत्ता | ७०००.०० | १०५०.०० |
| | | महिला हिंसा कार्यक्रम भत्ता | ७०००.०० | १०५०.०० |
| | | महिला सिप विकास तालिम | १९५००.०० | २९२५.०० |
| | | गोठेमल तालिम भत्ता | १९५००.०० | २९२५.०० |
| | | वालवालिका क्षमता विकास तालिम | १९५००.०० | २९२५.०० |
| | | वेमौसमि तरकारी खेती तालिम | १९५००.०० | २९२५.०० |
| | | जातिय छुवाछुत तथा कानुनी साक्षरता तालिम | ५५००.०० | ८२५.०० |
| ३. | १७७२/०७६/२/२९ | वाल अधिकार कार्यक्रम भत्ता | ५७५२.९४ | ८६२.९४ |
| ४. | २०७१/०७६/३/२३ | कृषि तालिम भत्ता | २१५००.०० | ६००.०० |
| ५. | २२३०/०७६/३/३० | डेंगु नियन्त्रण भत्ता | ३८७००.०० | ५८०५.०० |
| ६. | २२५७/०७६/३/३१ | फगिंग स्प्रे भत्ता | ६४०००.०० | ९६००.०० |
| | | | **जम्मा** | **३३६९७.९४** |

भौ.न २०७१/०७६/३/२३ मा कृषि तालिम भत्ता वितरणमा कर कट्टि रु २६२५।०० गरेकोमा छुट भएको रु ६००।००

| | | |
|---|---|---|
| ७०. | **वितरणमुखी खर्च** : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(१) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ ।सोहि दफाको उपदफा ३ मा नगरपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने किसिमका योजना बनाउनु पर्नेछ भन्ने व्यवस्था गरेका छ । ऐनमा भएको व्यवस्था अनुसार प्रपोजल, लागत साझेदारिता, समुदायलाई पुग्ने लाभ लगायतको पहिचान वेगर विभिन्न कर्मचारी पेश्की मार्फत वा सोझै व्यक्ति तथा संस्थालाई अनुदान दिने कार्य स्रोत साधनको समुचित उपयोग नभएकोले तपशिल बमोजिमको रकम नियमसम्मत नदेखिएको रु. | |

| सि.न | भौ.न र मिति | अनुदान प्रदान संस्था/व्यक्ति | काम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १. | १५४०/०७६/१/३१ | पिण्डेश्वर अर्ध महाकुम्भ मेला मुल आयोजक समारोह समिति | मेला आयोजना गर्न | ३०००००.०० |
| २. | १७६६/०७६/२/२९ | वडा सचिव खड्क वहादुर तामाङ्ग | जेष्ठ नागरिक भ्रमण | ५०७५.०० |

| | | |
|---|---|---|
| ७१. | **थप दस्तुर :** समयमै विधुत महशुल भुक्तानी गरी छुट लिनुपर्नेमा देहायबमोजिम ढिला दाखिला गरी थप दस्तुर भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु | ३४९१५.०० |

| भौ.न.र मिति | विवरण | बिल रकम | थप दस्तुर रकम |
|---|---|---|---|
| ८०८।०७५।१०।२२ | इटहरी अस्पताल | ४६३५३०.०० | २५४०७.९१ |
| ५५१।०७५।९।१५ | १२ नं.वडा कार्यालय | २४४९६.४५ | ५५०३.५५ |
| ६१९।०७५।९।२० | १७ नं वडा कार्यालय | २००१८.०० | ४००३.६० |
| | | जम्मा | ३४९१५.०६ |

| | | |
|---|---|---|
| ७२. | **कर्मचारी कल्याण कोष :** यस कार्यालयमा रहेको कर्मचारी कल्याण कोष सञ्चालन सम्वन्धी कार्यविधि तथा नियमावली बनाएको छैन । साविक जिल्ला विकास समिति रहँदा प्रचलित स्थानीय स्वायत्त शासन नियमावली २०५६को नियमा २६६(१) मा स्थानीय निकायका कर्मचारीले सेवा अवधिभएमा अधिकृत स्तरका कर्मचारी भए बाह् महिना बराबरको र सहायक स्तरको कर्मचारी भए अठार महिना बराबरको खाइपाइ आएको तलब रकमसम्म उपचार खर्च वापत पाउने व्यवस्था रहेकोमा निम्नानुसार सहायक स्तरको कर्मचारीहरुलाइ २१ महिनाको औषधी उपचार भुक्तानी दिएकोले नियम भन्दा बढी रकम असुल गर्नुपर्ने रु | १५०७३५.०० |

| क्र.सं. | नाम पद | तलब | ग्रेड | खाइपाइ आएको रकम | २१ महिनाको भुक्तानी | १८ महिनाको पाउने रकम | बढी भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| **१.** | खरिदार राजन थापा | २२१७० | २९५६ | २५१२६ | ५२७६२५ | ४५२२६८ | ७५३५७ |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | खरिदार गायन्त्रि लम्साल | २२१७० | २९५६ | २५१२६ | ५२७६२५ | ४५२२६८ | ७५३५७ |
| | जम्मा | | | | | | १५०७१४ |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| ७३. | **आधार वेगर खर्च :** ५८४।०७५।९।१७ अवैध रुपमा टयाक्टर ट्रिपरहरुले वालुवा गिटी चोरी निकासा पकाउ गरी जरिवाना असुल गरेको रु ७५००० को कमिशन प्रतिशत रु १८७५० प्र.ना.नी. पुण्य प्रसाद अधिकारीलाई प्रोत्साहन वापत भुक्तानी दिने आधार वेगर खर्च लेखेको रु | १८७५०.०० |
| ७४. | **विपरित शिर्षकबाट खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३५ मा रकम स्वीकृत बजेटभित्र र सम्बन्धित खर्च शीर्षकमा पर्दछ भने मात्र खर्च गर्ने स्वीकृति दिनुपर्ने व्यवस्था विपरित भौ.न १२२५।०७५।१२।१७ वडा नं. १३ लक्षित वर्गको युवा तथा खेलकुद शिर्षकको रकमबाट अन्य सम्पत्तिहरुको सन्चालन तथा सम्भार ( सडक बती मर्मत) खर्च लेखेको रु १५१६४० र भौ.न १४१९।०७६।१।१६ वडा नं.११ महिला क्षमता अभिवृद्धि तालिम संचालनबाट अन्य सम्पत्तिहरुको संचालन तथा सम्भार(सडक बत्ती मर्मत) बाट खर्च लेखिएको रु ३९९००.०० समेत रु १९१५४०।०० खर्च गरेको नियमित नदेखिएको रु | १९१५४०.०० |
| ७५. | **बाहाल कर :** आर्थिक विधेयक,२०७५ अनुसुची ३ मा नगरपालिकाको क्षेत्रभित्र कुनै प्राकृति व्यक्तिको घर आवसीय वा व्यवसायिक प्रयोजनको लागि पुरै वा आशिंक तवरले वहालमा दिएकोमा वार्षिक वहाल रकममा ८ आठ प्रतिशतका दरले वहालकर असूल गर्ने व्यवस्था रहेकोमा निम्नानुसार वहाल भुक्तानी दिदाँ वहाल कर छुट हुन गएको असूल गर्नु पर्ने रु | ११०२४.०० |

| सि.न | गो.भा.न. मिति | भुक्तानीको विवरण | वहाल रकम | कर छुट रकम |
|---|---|---|---|---|
| १. | १८९८/०७६/३/११ | सिलाई कटाई तालिम हल भाडा | ९०००.०० | ७२०.०० |
| २. | १९२१/०७६/३/१२ | पत्रकारीता सम्मान कार्यक्रम हल भाडा | २८०००.०० | २२४०.०० |
| ३. | २०७१/०७६/३/२३ | कृषि कार्यक्रम तालिम हल भाडा | ३७५००.०० | ३०००.०० |
| ४. | २१०९/०७६/३/२४ | दलित बहर कार्यक्रम हल भाडा | ९०००.०० | ७२०.०० |
| ५. | १४०९/०७६/१/१५ | वडा सचिव हिरालाल विश्वकर्मा मार्फत हलभाडा | २०००.०० | १६०.०० |
| ६. | १८८३/०७६/३/९ | सिलाई कटाई तालिम हल भाडा | १६०००.०० | १२८०.०० |
| ७. | १९८९/०७६/३/१७ | वडा सचिव संजिव कुमार खड्का मार्फत हलभाडा | ३४०००.०० | २७२०.०० |
| ८. | २०३२/०७६/३/१९ | वडा सचिव सुरेश कार्की मार्फत हलभाडा | २३००.०० | १८४.०० |
| | | **जम्मा** | | **११०२४.००** |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| ७६. | **नगर शिक्षा कोष :** आयकर ऐन २०५८ को दफा ८९ मा ठेक्का वा करारको भुक्तानीमा अग्रीम करकट्टी गर्नुपर्ने व्यवस्था छ । नगर शिक्षा कोषबाट निम्नानुसार कट्टी गरेको अग्रीम कर दाखिला गर्न बाँकी रु | २३८२०.०० |

| गौ.भौ.नं.मिति | खर्च | अग्रीम कर कट्टी रकम |
|---|---|---|
| २/०७५/१२/१० | २५००० | ३३२५ |
| ५/०७५/१२/२७ | ४४९०५ | ६७५ |
| ७/०७६/३/२७ | २८८८११ | १९८२० |
| जम्मा | | २३८२० |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|
| ७६.१. | आयकर ऐन २०५८ को दफा ८९ मा ठेक्का वा करारको भुक्तानीमा अग्रीम करकट्टी गर्नुपर्नेमा निम्नानुसार भुक्तानी दिंदा १.५% अग्रीम करकट्टी गर्नुपर्नेमा कट्टी नगरेकोले असुल हुनुपर्ने रु | २२२२०८.७० |

| सि.न | भौ.नं.र मिति | भुक्तानी विवरण | भुक्तानी रकम | १.५% अगीम कर बाँकी |
|---|---|---|---|---|
| १. | ११/०७५/५/१५ | सेफटी टंकी सफाइ | ४५०००.०० | ६७५.०० |
| २. | ७५।०७५।५।३१ | बुढीखोला उ.समिति | ६०६७०० | ९११४ |
| ३. | ४२७।०७५।७।२८ | छपाइ तथा मसलन्द | ९६४२२ | १४४६।३३ |
| ४. | ४३७।०७५।७।३० | १४ नं वडाको जितिया विशेष कार्यक्रम | ६०००० | ९०० |
| ५. | ६३८।०७५।९।२३ | महिला हिंसाविरुदको कार्यक्रम -कट्टी ७९५) | ७७७९० | ३७१।८५ |
| ६. | ७७४।०७५।१०।१८ | ५ नं वडाको खेलकुद साम्रगी खर्च | २२१२३।७३ | ३३१।८५ |
| ७. | ९९१।०७५।११।१४ | विद्यालय समाग्री | २९८०० | ४४७ |
| ८. | १०१७।०७५।११।१९ | वडा नं ५ कार्यालय सामान | ७५७०० | ११३५।५० |
| ९. | १०३४।०७५।११।२२ | २० नं.वडा खेलकुद सामाग्री | २५००० | ३७५ |
| १०. | १०५७।०७५।११।२३ | विद्यालयमा क्लव गठन | २१६०० | ३२४ |
| ११. | १०५६।०७५।११।२३ | ग्रिन क्लब गठन | २१६०० | ३२४ |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | | | | | वेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | १२. | १०५५।०७५।११।२३ | विद्यालयमा सहयोग कार्यकर्ता पुर्नताजगी कार्यक्रम | ६७४४० | १०११।६० | |
| | १३. | ११०८।०७५।११।२९ | किराँत राइ यायोक्खा केन्द्रित कार्यालयलाइ कार्यक्रम | ५०००० | ७५० | |
| | १४. | ११३७।०७५।१२।३ | Flash system and GIS सुदुढीकरण कार्यक्रमको | ३७००० | ५५५ | |
| | १५. | ११४३।०७५।१२।३ | वडा नं १४ को कार्यालय सञ्चालन खर्च भुक्तानी | ११०४०० | १६५६ | |
| | १६. | ११४७।०७५।१२।३ | २० नं वडाका सचिव हिरालाल सो.भ. | २७६५० | ४१४ | |
| | १७. | ११५२।०७५।१२।३ | १८ नं.वडा सचिव शालिग्राम गुरागाइलाइ सो.भ. | २५१०९ | ३७६ | |
| | १८. | ११६५।०७५।१२।५ | १० नं.वडा सचिव राज कुमार राइलाइ सो.भ. | ९०६०० | १३५९ | |
| | १९. | १२१७।०७५।१२।१५ | उधोग तथा सहकारी कार्यक्रम | ५३९०४ | ५८४ | |
| | २०. | १२३१।०७५।१२।१७ | महिला दिवस तथा सार्वजनिक सुनुवाइ | १७२२१५ | २५८३ | |
| | २१. | १२६२।०७५।१२।२५ | मेलमिलाप कार्यक्रम | २०७९५ | ३११ | |
| | २२. | १२७४।०७५।१२।२७ | ६ नं.वडा सचिव ना.सु.शर्मिला दाहाल पे.फ.भुक्तानी | ७६५३१ | ३३७ | |
| | २३. | १२७५।०७५।१२।२७ | १५ नं.वडा सचिवको पे.फ भुक्तानी | ६६७३३ | २३१ | |
| | २४. | १२७७।०७५।१२।२७ | १५ नं.वडा सचिव विभिन्न समाग्री | २२१२८ | ३३२ | |
| | २५. | १२७७।०७५।१२।२७ | १६ नं.वडा सचिव विभिन्न समाग्री | २२१२८ | ३३२ | |
| | २६. | २२४२।०७६।३।३० | सहकारी संस्था र स्थानीय तहविच समन्वय अन्तरकृया कार्यक्रम | २०००० | ३०० | |
| | २७. | ५३७।०७५।९।१३ | आशुतोष निर्माण सेवालाइ खोला सफाइ | १४१२५० | २११९ | |
| | २८. | १३५८।०७६।१।१५ | आदिवासी महिला तथा बालबालिका संरक्षण केन्द्र | ७९८०० | ११९७ | |
| | २९. | १३९२।०७६।१।१५ | आधुनिक कृषि उद्यमी महिला समुह | १५०००० | २२५० | |
| | ३०. | १४०७।०७६।१।१५ | २० नं.वडाका सचिवले समान खरिद गरिएको | ५५३६० | ८३० | |
| | ३१. | १४०८।०७६।१।१५ | २० नं.वडाका सचिवले समान खरिद गरिएको | १४५१७ | २१७।७५ | |
| | ३२. | १४०९।०७६।१।१५ | २० नं.वडा सचिव हिरालाल विश्वकर्माले विभिन्न कार्यक्रमको अग्रिम करकट्टी रकम निजसंग असुली हुनुपर्ने | | | |
| | | | मेलमिलाप समिति संस्थागत कार्यक्रम | २२०४० | ३३० | |
| | | | अपाङ विकास कार्यक्रम | ९२०५ | १३८ | |
| | | | महिला हिंसा सम्बन्धि कार्यक्रम | १९९०६ | २९८ | |
| | | | बालबालिका क्षमता विकास तालिम | ३०५५५ | ४५८ | |
| | | | विपन्न वर्ग विधार्थी छात्रवृति | ३६२५० | ५४३ | |
| | | | महिला सिप विकास | २४६४० | ३६९ | |
| | | | गोठेमल तालिम | ३१२७० | ४६९ | |
| | | | वेमौसमी तरकारी खेती | ४६९९५ | ७०४ | |
| | | | जतिय छुवाछुत तथा कानुनी साक्षरता कार्यक्रम | २५५६० | ३८३ | |
| | ३३. | १४४१।०७६।१।१९ | म.वि.नि.सुशिला कार्कीले महिला मेलमिलाप कार्यकर्ता मेलमिलाप सम्बन्धि पुनर्ताजगी | २२६३६४ | ३३९५ | |
| | ३४. | १६०३।०७६।२।६ | १नं.वडा सचिव सुलोचना अधिकारी भुक्तानी लिईएको ( रु६२२।७४दाखिला गरिएको) | ९३६५१ | ७८२ | |
| | ३५. | १७३९।०७६।२।२८ | वि.नि.उमा कुमारी दाहालबाट छपाइ विल रु १८७३१० को अग्रिम आयकर रु २८०९ दाखिला गर्नुपर्नेमा रु २९५ मात्र दाखिला गरेकोले बाँकी रकम | १८७३१० | २५१४ | |
| | ३६. | १८४३।०७६।३।५ | १४ नं.वडा सचिव कार्यालय संचालनार्थ लिएको पेश्की | १०८३४१ | १६२५ | |
| | ३७. | १४४५।०७६।३।५ | १४ नं.वडा सचिव कार्यालय संचालनार्थ लिएको पेश्की | २५००० | ३७५ | |
| | ३८. | १८४५।०७६।३।५ | १४ नं.वडा सचिवले खेलकुद सामग्री खरिद | २५००० | ३७५ | |
| | ३९. | १८९८।०७६।३।११ | सिलाइकटाइ तालिम -(भुक्तानी रु ५०० गरिएको ) | ५८३०० | ३७४।५० | |
| | ४०. | १७८९।०७६।३।१ | ४ नं.वडा कार्यालय साम्रगी | १०६४०० | १५९६ | |
| | ४१. | १९४८/०७६/३/१५ | हाम्रो सिप प्रशिक्षण केन्द्र गुडिया र कुशन बनाउने तालिम -दाखिला रु १५००) | २०३०८०।८८ | १५४६ | |
| | ४२. | २००५।०७६।३।१८ | सिप विकास तालिम कोहवर पेन्टिङको | ७१०४० | २३४१ | |
| | ४३. | २०३२।०७६।३।१९ | १९ नं.वडा सचिव | १५६११२ | २३४१ | |
| | ४४. | २०४७।०७६।३।२० | १०नं.वडा सचिव पेश्की -दाखिला १५७४।४५) | १०४९६३ | ७५२।४५ | |
| | ४५. | २०६४।०७६।३।२२ | खरिदार राजकुमार विश्वकर्मा पोलबत्ती मर्मत साम्रागी -(दाखिला ७५०) | १४०५६३ | १३५८।४४ | |
| | ४६. | २०६८।०७६।३।२२ | १८ नं.वडा जेष्ठ नागरिक कार्यक्रम(दाखिला १२००) | १००००० | ३०० | |
| | ४७. | २०८१।०७६।३।२३ | लैगिक हिंसा कार्यक्रमको समाग्री खरिद | ७१२९५ | १०६९।४३ | |
| | ४८. | २०८७।०७६।३।२३ | १६ नं.वडा सामाग्री खरिद | ७८८८२ | ११८३ | |
| | ४९. | २१०६।०७६।३।२४ | म.वि.नि.लेखन तथा उद्घोषण तालिमको सामाग्री | ४९३९० | ७४१ | |
| | ५०. | २१४६।०७६।३।२५ | ११नं.वडा कार्यालय सामाग्री खरिद -(दाखिला रु ८२५.००) | १०६००७ | ७६५ | |
| | ५१. | २१४९।०७६।३।२६ | १४नं.वडाको वातावरण तथा विपद व्यवस्थापन सांस्कृतिक संरक्षण कार्यक्रमको सामग्री खरिद | १४५११९ | २१७६ | |

| सि.न. | लेखापरीक्षणबाट देखिएका व्यहोराहरु | वेरुजु रकम |
|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ५२. | २१८७।०७६।३।२७ | १४ नं. वडा कार्यालय समान खरिद | ७८२०० | ११७३ |
| ५३. | २१८७।०७६।३।२७ | १ नं.वडा कार्यालय समान खरिद -(दाखिला रु ८१०) | ७३१७१ | २८७ |
| ५४. | २१९७।०७६।३।२८ | १३ नं.वडा को खेलकुद कार्यक्रमको समान खरिद | ५२५९० | ७८९ |
| ५५. | २२३०।०७६।३।३० | कार्यक्रम सामाग्री | ८४१२५ | १२६२ |
| ५६. | २२३३।०७६।३।३० | सप्तकोशी भाडा पसल समाग्री | १००००० | १५०० |
| ५७. | २२५७।०७६।३।३० | फगिङ स्प्रेइङ कार्यक्रमको समाग्री खरिद | १२९७०० | १९४५ |
| | | **पूँजीगत** | | |
| ५८. | १६।०७५।५।२१ | कचना मार्ग उपभोक्ताको समाग्री खरिद | ५५००० | ८२५ |
| ५९. | ६७।०७५।६।२३ | उपभोक्ता समितिको समाग्री खरिद (दाखिला ७३४८) | १३८६८०७ | १३४५४ |
| ६०. | ७८।०७५।६।२८ | कालोपत्रे निर्माण उपभोक्ताको समाग्री खरिद (दाखिला ६५४९) | १०१४०२३ | ८६६१ |
| ६१. | ८७।०७५।६।२८ | भवन निर्माणको समाग्री खरिद | ४१३०५६ | ६१९६ |
| ६२. | ११९।०७५।७।३० | माछा भुरा खरिद | १५६०६० | २३४१ |
| ६३. | १२७।०७५।८।११ | ४ नं.वडा बाटो उपभोक्ता समितीको समाग्री खरिद | २५८७९२ | ३८८२ |
| ६४. | १५६।०७५।९।२६ | २ नं.वडा बाटो उपभोक्ता समितीको समाग्री खरिद | ४५०००० | ६७५० |
| ६५. | १६४।०७५।९।३० | धर्मशाला टोली कृषि मार्ग उ.स.समाग्री खरिद -(दाखिला४५००) | १७९२०७१ | २२३८१ |
| ६६. | १७१।०७५।१०।६ | विउ खरिद | २३८७०० | ३५८० |
| ६७. | २८७।०७५।११।१७ | सडक ग्रभेल उ.स.सामग्री खर्च | १५५५०३ | २३३३ |
| ६८. | २९७।०७५।११।१७ | कालोपत्रे उ.भो.सामग्री खरिद | २५०००० | ३७५०० |
| ६९. | ३२९।०७५।११।२३ | उपभोक्ता समितिको सामग्री खरिद | ४९१४२८ | ७३७२ |
| ७०. | ३७२।०७५।११।२३ | भवानी मार्ग उ.भो.स सामग्री खरिद | १८०००० | २७०० |
| ७१. | ३९६।०७५।१२।१ | मुल सडक हुलाकी बाटो उ.भो.स. सामग्री खरिद | ११९४०२ | १७९१ |
| ७२. | ३९९।०७५।१२।१ | मुसाइ टोल ड्रेन निर्माण उ.भो.स.सामग्री | ५३३८७ | ८०० |
| ७३. | ४००।०७५।१ | सडक गाभेल निर्माण उ.भो.स.को सामग्री खरिद | १८०००० | २७०० |
| ७४. | ४१२।०७५।१२।३ | शिव मार्ग गाभेल उ.भो.स. सामग्री खरिद | १८०००० | २७०० |
| ७५. | ४१६।०७५।१२।४ | मुनाल टोल ड्रेन निर्माण समाग्री खरिद | ९४३०० | १४१५ |
| ७६. | ४३१।०७५।१२।५ | कालोपत्रे बाटो निर्माण उ.भो.स.सामग्री खरिद | ३३१८३४ | ४९७८ |
| ७७. | ५२६।०७५।१२।५ | आँपगाछीबाट माझी टोल जानेबाटो निर्माण उ.भो.स.सामग्री खरिद | ५९६२९९ | ८९४५ |
| ७८. | ५३९।०७५।१२।१९ | कृषि बिउ खरिद | २२०००० | २२८५ |
| ७९. | ७५२।०७६।१।१३ | सौगात मार्ग सामग्री खरिद | १८७५७३ | २८१४ |
| ८०. | ९५७।०७६।२।७ | विद्यालय मर्मत सामग्री खरिद | १६०००० | २४०० |
| ८१. | ११६४।०७६।३।५ | १९ नं.वडाको वृक्षारोपण कार्यक्रमको सामग्री खरिद | ४०८८० | ६१३ |
| ८२. | १२५७।०७६।३।१७ | आदीबासी दलित महिला तथा बालबालिका संरक्षण कार्यक्रमको सामग्री खरिद | ३९९०० | ५९९ |
| ८३. | १२६३।०७६।३।१७ | सडक बत्ति मर्मत | ८८०७५ | १३२१ |
